# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय सम्पत्ति हो । जसलाई मान्छेले आवश्यकताअनुसार प्रयोग गर्ने गर्दछ । मानिसबाट आफ्नो अनुभव, अनुभूति, भाव वा विचार व्यक्त गर्न जे बोलिन्छ, त्यो नै भाषा हो । भाषालाई मौखिक रूपमा प्रयोग गरिदा ध्वन्यात्मक हुन्छ भने लिखित रूपमा प्रयोग गरिदा लेख्यात्मक हुने गर्दछ । मौखिक भाषा मानिसले प्रत्यक्ष रूपमा विचार आदानप्रदान गरी  सवालजवाफको रूपमा प्रयोग गरिन्छ भने लिखित भाषा मानिसले लेखेर विभिन्न अभिलेखहरू सङ्ग्रह गरी कलान्तरसम्म राख्न सकिन्छ । भाषाको प्रयोग क्षेत्र व्यापक भएसँगै संसारका भाषाहरूलाई विभिन्न दश भाषा परिवारमा विभाजन गरिएको पाइन्छ, जसमध्ये भारोपेली भाषापरिवार पनि एक हो । यसले वक्ता सङ्ख्या, प्रयोग क्षेत्रको व्यापकता (भौगोलिक), भाषा सङ्ख्या र साहित्य सिर्जनाका आधारमा अन्य भाषापरिवार भन्दा ठूलो र व्यापक भाषापरिवारका रूपमा चिनिन्छ । नेपाली भाषालाई मातृभाषाको रूपमा मात्र नलिई दैनिक व्यवहारको भाषा, सम्पर्कको भाषा, सञ्चारको भाषा, र सरकारी कामकाजको भाषाका रूपमा रहेको छ र भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) हुन्छन् । यी सवै सिपहरू एक अर्कोमा अर्न्तसम्बन्धित हुन्छन् । यी चार सिपमध्ये सबैभन्दा जटिल सिप भनेको लेखाइ सिप हो, जसअन्तर्गत प्रतिवेदन लेखन पनि पर्दछ । सामान्य अर्थमा भन्दा कुनै कार्यक्रम वा अन्य कुनै पनि घटनाहरूको बारेमा विश्लेषण गरी त्यसको विवरण तयार पार्नु नै प्रतिवेदन हो । जसले लेखन क्षमताको विकास गर्दछ । प्रतिवेदन लेखन भनेको अन्य दैनिकी वा सामान्य लेखनभन्दा विशिष्ट किसिमको लेखन हो । यसको लागि सरल र सहज र सबैले बुझ्ने खालको भाषाको प्रयोग गरिन्छ ।

प्रतिवेदन एउटा वास्तविक घटनासँग सम्बन्धित विषयवस्तु हो । सामान्यतयाः सामाजिक जीवनका कुनै घटना, क्रियाकलाप, कार्यक्रम, भ्रमण, योजना, सम्भाव्यता, समस्या आदिको अवलोकन निरीक्षण गरी त्यस्ता घटनाकार्य आदिको यथार्थ विवरण, कारण, विशेषता, सम्भाव्यता ठम्याई आवश्यक सुझाव समेत प्रस्तुत गरी लेखिने

लेखनलाई प्रतिवेदन भनिन्छ । प्रतिवेदन लेख्नुभन्दा पहिला सम्बन्धित विषयलाई पर्याप्त निरीक्षण र अध्ययन गरिनु आवश्यक हुन्छ । प्रतिवेदन कुनै पनि ठाउँ, घटना वा कार्यक्रमहरूको अध्ययन गरिसकेपछि आफूले गरेका, देखेका, सुनेका, थाह पाएका, भोगेका कुराहरूको यथार्थ रूपमा सुचानात्मक ढङ्गले लिखित रूपमा तयार पारिने एउटा लेख नै प्रतिवेदन हो ।

प्रतिवेदन तयार गर्नलाई एउटा तथ्यपूर्ण तथा प्रमाणिक सामग्रीको आवश्यकता पर्दछ । कुनै अध्ययन अनुसन्धान वा कार्यक्रमको उद्देश्य प्राप्तिका सन्दर्भमा गरिएका विभिन्न कार्य, क्रियाकलाप देखापरेका समस्या, समस्या समाधानका उपाय, उपलब्धि, निष्कर्ष, सुझाव आदिका बारेमा निश्चित ढाँचा वा संरचनामा आधारित भई तयार पारिएको सिलसिलाबद्ध लेखनलाई प्रतिवेदन भनिन्छ । प्रतिवेदन कुनै कुराको खोज तलास गरिसकेपछि निकालिने सारसंक्षेप हो । यसमा लेखकले कुनै समसामायिक वा महत्त्वपूर्ण विषय छानेर त्यसको अध्ययन गर्ने गर्दछ । अध्ययनको समयमा सम्बन्धित विषय घटना वा समस्याको अध्ययन निरीक्षण गर्नुपर्दछ । सम्बन्धित विषय सामग्रीको पूर्ण निरीक्षण वा अन्तर्वार्ताका माध्यमबाट अनुसन्धानसँग सम्बन्धित विषयलाई प्रस्ट गर्ने गर्दछ ।

## १.२ समस्याकथन

शोधकार्यको महत्त्वपूर्ण अङ्गका रूपमा समस्याकथनलाई लिईन्छ । प्रतिवेदन लेखनले भाषाका चार सिपमध्ये लेखाइ सिप विकासमा महत्त्वपूर्ण योगदान दिने गर्दछ । प्रतिवेदन लेखनले शिक्षामा महत्त्वपूर्ण योगदान दिने गर्दछ । प्रतिवेदन लेखन शिक्षाका विभिन्न तहमा समावेश गरिएको पाइन्छ । जसले लेखन अभ्यासमा सहयोग गर्दछ ।

एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन गर्ने सबै विद्यार्थीको क्षमता एकै नहुन सक्छ । पाठ्यक्रममा समावेश गरिएका सिर्जनात्मक अभ्यास र अन्य विषयवस्तु वा प्रतिवेदन लेखन क्षमता कस्तो रहेको छ, लैङ्गिक, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा प्रतिवेदन लेखन क्षमता के कस्तो रहेको छ । यी कुराहरू शोधकार्यका समस्याका रूपमा रहेका छन् ।

अभिव्यक्ति क्षमताअन्तर्गत विभिन्न क्षेत्रमध्ये प्रतिवेदन लेखन पनि एक हो । प्रतिवेदन लेखन गर्दा विद्यार्थीमा शब्दभण्डार क्षमता, मौलिक अभिव्यक्ति, सिलसिलाबद्धता, सन्दर्भअनुकुल प्रस्तुतीलाई पनि सहयोग पुऱ्याउँछ । शैक्षिक पाठ्यक्रमहरूले प्रतिवेदन लेखन सम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिइएको परिप्रेक्ष्यमा म्याग्दी जिल्ला कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखनक्षमताको शीर्षकसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) म्याग्दी जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कस्तो रहेको छ ?

ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कस्तो छ ?

ग) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

कुनैपनि कार्यको प्रारम्भ गर्नुपूर्व उद्देश्य निर्धारण गर्नु जरुरी देखिन्छ । उद्देश्य बिनाको कार्य सफल हुन सक्दैन । प्रस्तुत शोध कार्य सफल्ताका साथ सम्पन्न गर्नका लागि अनुसन्धान गर्नुपूर्व यसको उद्देश्य तोकिनु पर्दछ । अतः जुनसुकै कार्यलाई लक्ष्यसम्म पुऱ्याउनका लागि उद्देश्य तोकिनुपर्दछ । प्रस्तुत शोधकार्यमा पनि निश्चित उद्देश्यहरू रहेका हुन्छन् जसलाई निम्नानुसार बुदाँगत रूपमा यसरी देखाइएको छ

क) म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत समग्र विद्यार्थीहरूको प्रतिवदेन लेखन क्षमता पत्ता लगाउनु,

ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलना गर्नु,

ग) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको पहिचान गर्नु,

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

मानिस चेतनशिल प्राणी हो र मानिस मानिसले विचार आदानप्रदान गर्नका लागि प्रयोग गरिने बोलीलाई भाषा भनिन्छ । भाषा मान्छेको विभिन्न विचार, भावना र

भावहरूलाई बाहिर निकाल्ने तत्त्व हो । भाषा मौखिक रूप नै हो तर शैक्षिक, स्वास्थ्य, सञ्चार तथा प्रशासनिक गतिविधिमा भाषालाई लिखित रूपमा प्रयोग गरिन्छ । त्यसैले लेखाइ सिप विकासको लागि प्रतिवेदन लेखन पनि महत्त्वपूर्ण पक्ष हो । शिक्षाका विभिन्न तहहरूमा प्रतिवेदन लेखनलाई पनि समावेश गरेको पाइन्छ । प्रतिवेदन लेखनले भाषिक सिप विकासमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । विद्यार्थीको लेखन क्षमतामा आवश्यक विकास नभएको खण्डमा सम्बन्धित तहका लागि निर्माण गरिएको पाठ्यक्रमको उद्देश्यहरू के कति पूरा हुन सके त्यसका लागि लेखन क्षमताको अध्ययन आवश्यक देखिन्छ । भाषा पाठ्यक्रमविद्हरूलाई पाठ्यक्रम सुधार एवम् परिमार्जन गर्न, पाठ्यपुस्तकमा प्रभावकारी एवम् उद्देश्यमूलक विषयवस्तु चयन गर्न, शिक्षकलाई अगाडि बढाउनमा र समग्रमा विद्यार्थीको लेखन क्षमतालाई बुझ्रेर शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित एवम् उद्देश्यमूलक बनाउन लेखन क्षमताको अध्ययनबाट सहयोग पुग्ने हुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण देखिन्छ ।

प्रतिवेदन एक प्रकारको कार्यविवरण वा तथ्याङ्क संकलन हो । यो कार्यक्रमको अन्तिम रूप हो । यसले विद्यार्थीहरूलाई लेखाइ सिपको विकास गर्दछ । यसले विद्यार्थीहरूलाई कुनै कार्यक्रमप्रति परिचित गराउँछ । विद्यार्थीलाई मानसिक, बौद्धिक, सामाजिक र नैतिक पक्षको विकासमा समेत ठोस प्रभाव पार्न सक्छ । प्रतिवेदन लेखनबाट विद्यार्थीहरूलाई शब्दभण्डारको बृद्धि, उच्चस्मरण क्षमता बृद्धि, लेखन क्षमतामा रुचि बढाउने उद्देश्यहरू हासिल गराउन सकिन्छ । कक्षा वा तहको स्तरअनुसार भाषिक सिपहरूको विकास गर्नका लागि प्रतिवेदन लेखन गर्नु आवश्यक देखिने भएकाले पनि प्रतिवेदन लेखनलाई महत्त्वपूर्ण लेखनका रूपमा लिइन्छ ।

प्रतिवेदन लेखन क्षमताले विद्यार्थीहरूमा लेखन क्षमताको विकास गराउँछ । यसका साथै विद्यार्थीहरू जब कुनै अध्ययन, अनुसन्धान, क्षेत्र भ्रमणमा जान्छन् र त्यहाँबाट उनीहरूले जे उपलब्धि प्राप्त गर्दछन त्यही उपलब्धिलाई विश्लेषण गर्ने क्षमता पनि विद्यार्थीहरूमा हुने गर्दछ । प्रतिवेदन लेखनको आवश्यकता र महत्त्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । प्रतिवेदन लेखन क्षमताले विद्यार्थीहरूमा कुनै व्यक्ति वा संस्थाको वास्तविक अवस्थाको बोध गर्न, कुनै कार्यालय वा घटनाको अध्ययन अवलोकन वा सुपरिवेक्षणको

वास्तविक अवस्थाको बोध गर्न, कुनै समस्या, घटनाका बारेमा आवश्यक सूचना र तथ्यहरू उपलब्ध गराई समस्या समाधानका लागि सहयोग गर्न, र कुनै घटना वा कार्यक्रमको अध्ययन गरी  त्यसको वास्तविक अवस्थाको पहिचान गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ ।

## १.५ अध्ययनको सीमाङ्कन

अनुसन्धान जटिल कार्य हो । कुनैपनि विषयको अध्ययन क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । शोधशीर्षकले अध्ययन क्षेत्रलाई स्पष्टसँग किटान गर्न नसकेका अवस्थामा शोधपत्रमा के कति विषय अध्ययन गर्ने र के कति विषयको अध्ययन नगर्ने भनी उल्लेख गर्नुपर्दछ । शोधको क्षेत्र र सीमा प्रस्त नभएमा शोध सीमा बाहिर गई उद्देश्यसम्म नपुग्ने सम्भावना हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्ने समय, स्रोत र लगानीका दृष्टिले पनि कठिनाई हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ ।

प्रस्तुत अध्ययन “म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन” रहेता पनि शोधको प्रयोजन, भौगोलिक कठिनाई , आर्थिक समस्या आदि विविध कारणले प्रस्तुत शोधकार्यलाई निम्न सीमामा सीमाङ्कन गरी अध्ययन गरी  अध्ययन गरिएको छ :

क) प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता रहेको छ ।

ख) म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूअन्तर्गत पाँचवटा सामुदायिक र  पाँचवटा संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरू बिच अनुसन्धानकार्य सिमित गरिएको छ ।

ग) अनुसन्धानका लागि छनोट गरिएको प्रत्येक विद्यालयबाट पाँच छात्र र पाँच छात्राहरू छनोट गरी  विद्यार्थीहरू बिच प्रतिवेदन लेखन क्षमताको तुलनात्मक अध्ययनमा सिमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

### अध्याय एक : शोधपरिचय

यस अध्याय अन्तर्गत अध्ययनको पृष्ठभूमि समस्याकथन, शोधको उद्देश्य, शोधको सान्दर्भिकता र उपादेयता शोधकार्यको सीमाङ्कन र शोधपत्रको रूपरेखा उपशीर्षकहरू रहेका छन् ।

### अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

यस अध्यायमा पुर्वकार्यको समीक्षा र सैद्धान्तिक आधारणा शीर्षकहरू रहेका छन् । पूर्वकार्यको समीक्षा अन्तर्गत पुस्तक समीक्षा र शोधपत्र समीक्षा उपशीर्षकहरू रहेका छन् । सैद्धान्तिक अवधारणाअन्तर्गत प्रतिवेदनको परिचय परिभाषा, प्रतिवेदन लेखनका प्रकारहरू, प्रतिवेदन लेखनका ढाँचा र संरचना, लेखाइ शिक्षणको आवश्यकता र महत्त्व, लेखाइ सिपको विकासमा प्रतिवेदन लेखनको स्थान, विद्यालय तहका प्रतिवेदन लेखन शिक्षणको प्रयोजन, प्रतिव्ेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरू, प्रतिवेदन लेखन परीक्षण प्रक्रिया र यसका उपशीर्षकहरू रहेका छन् ।

### अध्याय तिन : अध्ययनविधि र प्रक्रिया

यस अध्यायमा अध्ययन विधि र प्रक्रिया शीर्षकहरू रहेका छन् । यसअन्तर्गत जनसङ्ख्याको पहिचान, नमूना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, प्राथमिक स्रोत, द्वितीयक स्रोत, तथ्याङ्क व्याख्या विश्लेषण र प्रस्तुतीकरण, साङ्ख्यिकीको प्रयोग अन्तर्गत तालिकीकरण, वृत्तचित्र, मध्यमान र मानक विचलनको प्रयोग उपशीर्षकहरू हरेका छन् ।

### अध्याय चार : समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन

यस अध्यायमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन मूलशीर्षक रहेको छ । यस अन्तर्गत समग्र विद्यार्थीहरुको प्रतिवेदन लेखन क्षमताको स्थिति र मध्यमान र मानक विचलनको आधारमा समग्र विद्यार्थीहरुको प्रतिवेदन लेखन क्षमताको स्थितिहरू रहेका छन् र

**अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा प्रतिवेदन लेखन क्षमताको अध्ययन**

यस अध्यायमा विद्यालय प्रकृतिका आधारमा प्रतिवेदन लेखन क्षमताको अध्ययन शीर्षक रहेको छ । यस अध्याय अन्तर्गत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति, मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको प्रतिवेदन लेखन क्षमताको स्थिति, संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति, मध्यमान र मानक विचलनको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको प्रतिवेदन लेखन क्षमताको स्थिति रहेको छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति रहेका छन् ।

**अध्याय छ : लैङ्गिकताका आधारमा प्रतिवेदन लेखन क्षमताको स्थिति**

यस अध्यायमा लैङ्गिकताका आधारमा प्रतिवेदन लेखन क्षमता शीर्षक रहेको छ । यस अध्यायमा छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति, मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति, छात्र विद्यार्थीहरू प्रतिवेदन लेखन क्षमताको स्थिति, मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति र छात्रा र छात्रहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति र निष्कर्ष शीर्षकहरू रहेका छन ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

यस अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । उपयोगिताअन्तर्गत व्यावहारिक र नीतिगत तह उपशीर्षकहरु रहेका छन् ।

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र प्रतिवेदनको सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

विगतमा भए गरेका कार्यले वर्तमानमा मार्गनिर्देशकको भूमिका निर्वाह गर्दछ । यस्ता विगतमा गरिएका अध्ययन अनुसन्धानले आगामी दिनहरूमा समेत सहयोग पुऱ्याउँछ । विगतमा यी र यस्ता अध्ययनहरू कसरी गरिए, अध्ययनका क्रममा के-कस्ता समस्या देखा परे तथा अगामी दिनमा उक्त पक्षमा कसरी सुधार ल्याउने भन्ने कुरा पूर्वकार्यको अध्ययनबाट थाहा हुन्छ । पूर्वकार्यको समीक्षाले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै अनुसन्धानकर्तालाई समेत सम्बन्धित विषयमा विज्ञ बन्न मद्दत गर्दछ । अतः अनुसन्धानमा पूर्वकार्यको समीक्षा अत्यन्त महत्त्वपूर्ण र उपयोगी कार्य हो । पूर्व अध्ययन समीक्षा, अनुसन्धान प्रारम्भ भएदेखि पूर्ण नभएसम्म निरन्तर गरी रहनु पर्ने हो । पूर्वकार्यको अध्ययनका लागि प्रतिवेदन लेखन क्षमताको बारेमा अध्ययन भएको पाइदैन् तर पाठ्यपुस्तकहरूमा यसलाई समावेश गरिएको पाइन्छ । प्रतिवेदन लेखनसँग नै सम्बन्धित विभिन्न अनुच्छेद लेखन, निबन्ध लेखन, चिठी लेखन, दैनिकी लेखन जस्ता सम्बन्धित अध्ययनलाई नै पूर्वकार्यको पुनरावलोकनका रूपमा चर्चा गरिएको पाइन्छ ।

पराजुली (२०५३) द्वारा *'नेपाली रचना कला'* पुस्तकमा प्रतिवेदन लेखनसम्बन्धी चर्चा गरिएको छ । उक्त पुस्तकमा प्रतिवेदनका भनेको कुनै विषय, घटना तथा समस्याका अध्ययन गरी त्यसका तथ्य सहितको विश्लेषण र त्यसबाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदनको राम्रा सुझावहरूको लिखित दस्तावेजलाई प्रतिवेदन भनिन्छ भनी परिभाषीत गरिएको पाइन्छ । यसको अतिरिक्त प्रतिवेदनका प्रकार, प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरू र नमुना प्रतिवेदनहरूलाई स्पष्ट रूपमा देखाइएको छ ।

आचार्य (२०६७) द्वारा *'स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको

पहिचान गर्नु, पहिलोभाषी नेपाली र दोस्रोभाषी नेपाली विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा निबन्ध लेखन क्षमताको तुलना गुर्न, विद्यार्थीहरूको निबन्ध लेखन क्षमतासम्बन्धी कमी कमजोरी पत्ता लगाउनु र कमी कमजोरी सुधारका निम्ति आवश्यक सुझाव दिने उद्देश्य राखिएको छ । यसका लागि स्याङ्जा जिल्लाका आठ वटा सामुदायिक र संस्थागत विद्यालयहरूका १०/१० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिइएको छ । यस अध्ययनको लागि जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि उचित सामग्रीको निर्माण, त्यसको पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्कहरूको व्याख्या, विश्लेषण तथा प्रस्तुतिकरण जस्ता सर्वेक्षणात्मक विधिहरूको प्रयोग गरिएको छ । यस शोधकार्यमा सामुदायिक विद्यालयका विद्यार्थीहरू मध्यमानभन्दा माथि ५० प्रतिशत र मध्यमानभन्दा तल ५० प्रतिशत रहेको र संस्थागत विद्यालयको मध्यमानभन्दा माथि ७२.५ प्रतिशत रहनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिएको निष्कर्ष निकालिएको छ ।

थापा, (२०६९) द्वारा *'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधका उद्देश्य सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्याथीहरूको अनुच्छेद लेखन क्षमतको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा, लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु रहेका छन् । उक्त अध्ययन विधिलाई उपयोग गरिएको शोधमा सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त शोधमा संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको, समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम खालको रहेको निष्कर्ष निकालिएको छ ।

भट्टराई र अन्य (२०७०) द्वारा *'स्नातक अनिवार्य नेपाली'* पुस्तकमा प्रतिवेदन लेखनसम्बन्धी चर्चा गरिएको छ । यसमा प्रतिवेदन लेखनको परिचय, प्रतिवेदनका प्रकार, प्रतिवेदन लेख्ने तरिका, प्रतिवेदनको संरचना र प्रतिवेदनका नमुनाहरूलाई प्रस्तुत गरिएको पाइन्छ । यसमा विद्यार्थीहरूले आफ्नो सेरोफेरोमा देखेका, सुनेका, अनुभव गरेका

घटनाहरूको प्रसङ्गलाई लिई स्वतन्त्र रूपमा मौखिक र लिखित वर्णन गर्ने क्षमताको विकास गर्न प्रतिवेदन लेखन कार्यकलाप गराउनु पर्ने कुरालाई जोड दिएको पाइन्छ ।

गौतम र अन्य (२०७०) द्वारा *'स्नातक नेपाली'* नामक पुस्तकमा प्रतिवेदन लेखन सम्बन्धी व्याख्या गरिएको छ । प्रतिवेदन भनेको कुनै पनि कार्यक्रमको अन्त्यमा निस्कने निष्कर्ष हो । जसको आधारमा सम्पूर्ण कार्यक्रमलाई बुझ्न सकिन्छ । उक्त पुस्तकमा प्रतिवेदन लेखनको परिचय, उद्देश्यका आधारमा प्रतिवेदनका प्रकार, प्रतिवेदनको संरचना र प्रतिवेदनका विशेषता सहित प्रतिवेदनका नमुनाहरूलाई पनि प्रस्तुत गरिएको पाइन्छ ।

पोखरेल (२०७०) द्वारा 'पाल्पा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य पाल्पा जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु, उक्त कक्षाका विद्यार्थीहरूको अनुच्छेद लेखनसम्बन्धी समस्या पत्ता लगाई आवश्यक सुझाव दिनु रहेको छ । मूल रूपमा क्षेत्रीय अध्ययन विधिमा आधारित भई गरिएको उक्त शोधमा पाल्पा जिल्लाका छवटा विद्यालयका साठी जना विद्यार्थीलाई प्रतिनिधी नमुना छनोट गरी जनसङ्ख्याको रूपमा लिइएको छ । यस शोधकार्यमा छात्रहरूभन्दा छात्राहरू बढी लगनशील रहेको, संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता राम्रो रहको, समग्रमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

सुवेदी र अन्य (२०७१) द्वारा प्रकाशित *'सबैको नेपाली'* पुस्तकमा कुनै पनि घटना, यात्रा वा अन्य प्रकारका कार्यहरूमा आधारित भई लेखिने विवरणात्मक र तथ्यपरक अभिव्यक्तिलाई प्रतिवेदन भनिन्छ, भनी चर्चा गरिएको पाइन्छ । प्रतिवेदनमा विषयवस्तुलाई परिचय, विवरण र निष्कर्षको शृङ्खलामा प्रस्तुत गरिन्छ ।

पौडेल (२०७२) द्वारा *'काठमाडौँ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । कक्षा आठका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूका निबन्ध लेखन क्षमताको तुलना गर्नु, छात्रा र छात्रहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु  र नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु जस्ता उद्देश्य राखी यो शोधकार्य सम्पन्न गरिएको छ । जसमा आठवटा विद्यालयका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयका ४०/४० जना गरी जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ । जसमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा ३५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरू पाइएको निष्कर्ष निकालिएको छ  ।

अर्याल (२०७२) द्वारा *'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनमा रूपन्देही जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा साठी जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमतको अध्ययन गरिएको छ । जसमा तिन वटा सामुदायिक र तिन वटा संस्थागत विद्यालयलाई समावेश गरिएको छ । उक्त अध्ययनमा विद्यालयको प्रकृति भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउने काम गरिएको पाइन्छ । उक्त अध्ययनको निष्कर्षमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता ५६.६७ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता ५३.३३ प्रतिशत रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०७२) द्वारा *'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु र छात्र र छात्राहरूको अनुच्छेद लेखन क्षमताको तुलना गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ ।

अध्ययनको लागि बझाङ जिल्लाका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयबाट ४०/४० जना गरी जम्मा ८० जना प्रतिनिधि जनसङ्ख्यामा रूपमा चयन गरिएको छ र यो शोधकार्य क्षेत्रीय सामग्री सङ्कलन विधि र तथ्याङ्क सङ्कलन अध्ययन विधि अपनाइएको छ । उक्त अध्ययनको समग्र उपलब्धिलाई हेर्दा अङ्क र प्रतिशतका आधारमा हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो भएको देखाइएको छ । समग्रमा कक्षा आठ नि.मा.वि तहको कक्षा हुनाले भाषा, संरचना, वर्ण, विषयवस्तु सामान्य खालको हुने निष्कर्ष निकालिएको छ

*'नेपाली बृहत् शब्दकोश'* (२०७२) मा कुनै घटना, कार्ययोजना आदिका सम्बन्धमा छानविन, पुछताछ आदि कार्य गरिसकेपछि सम्बन्धित अधिकारी वा सभा आदिको अगाडि प्रस्तुत गर्न तयार पारिएको विवरण वा कुनै घटना वा कामका बारेमा कसैलाई दिइने विवरण नै प्रतिवेदन हो भनी उल्लेख गरिएको छ ।

दाहाल (२०७२) द्वारा *'स्नातक (अनिवार्य) नेपाली'* पुस्तकमा प्रतिवेदन लेखन सम्बन्धी चर्चा गरिएको छ । उक्त पुस्तकमा प्रतिवेदनको परिचय, प्रतिवेदनका प्रकार, प्रतिवेदन लेखनका आवश्यक तत्त्वहरू, प्रतिवेदनका अङ्गहरू, प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुरा लगायत च्याम्बर्स डिक्सनरी र बृहत् हिन्दी कोशले प्रतिवेदनका बारेमा दिएका परिभाषा समेत उल्लेख गरिएको छ ।

गौतम (२०७२) द्वारा *'गुल्मी जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । गुल्मी जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन गर्नु, विज्ञापनका प्रकारका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पदपूर्ति र व्यापारिक विज्ञापन लेखन क्षमताको पहिचान गर्नु र लैङ्गिक आधारमा विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनुका आधारमा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनका लागि गुल्मी जिल्लाका पाँच वटा सामुदायिक विद्यालयहरूबाट २०/२० जनाका दरले जम्मा गरी १०० जना कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा लिइएको पाइन्छ । यसको लागि क्षेत्रीय सामग्री सङ्कलन विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । यस अध्ययनलाई तुलनात्मक विश्लेषण गर्दा छात्राहरूको

प्राप्ताङ्कको मध्यमान १३२.२८ र छात्रहरूको प्राप्ताङ्कको मध्यमान १२७.०२ रहेकाले छात्रहरूको भन्दा छात्राहरूको विज्ञापन लेखन क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ

खत्री (२०७२) द्वारा *'रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यस अध्ययन अन्तर्गत रुकुम जिल्लाका पाँच वटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूबाट १०/१० जना छात्र छात्राहरूको चिठी लेखन क्षमता समग्रमा जिल्लाको अवस्था, संस्थातग र सामुदायिक, छात्र र छात्रगत, अङ्गका आधारमा अध्ययन उद्देश्यमा केन्द्रित रहेर अध्ययन गरिएको छ । यसको लागि क्षेत्रीय सामग्री सङ्कलन विधि र पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको पाइन्छ । यसका लागि जनसङ्ख्या र नमुना छनोट, विद्यालय छनोट, विद्यार्थी छनोट, सामग्री निर्माण, नमुना सर्वेक्षण, तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति प्रतिशतमा ६४.७५ रहेको र सामुदायिक विद्यालयका र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति प्रतिशतमा क्रमश ६०.७५ र ६८.९२ प्रतिशत रहेको निष्कर्ष निकालिएको छ ।

धामी (२०७२) द्वारा *'धादिङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । धादिङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउन र लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनुका आधारमा चार/चारवटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट दश/दश जनाका दरले जम्मा बिस जना कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको पाइन्छ । यसको लागि क्षेत्रीय सामग्री सङ्कलन विधि र पुस्तकालीय अध्ययनको प्रयोग गरिएको छ । यस अध्ययनका आधारमा तुलनात्मक विश्लेषण गर्दा छात्राहरूको प्राप्ताङ्कको मध्यमान १४८.६९ छात्रहरूको प्राप्ताङ्कको मध्यमान १४०.८९ रहेकाले छात्रहरूको भन्दा छात्राहरूको चिठी लेखन क्षमता राम्रो रहेको र सामुदायिक विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १२३.७९ र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको

मध्यमान १६६.२० रहेकाले सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ ।

के.सी. (२०७२) द्वारा, *'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति पहिल्याउनु उद्देश्यमा केन्द्रित रहेर शोध गरिएको छ । यस अध्ययनमा रामेछाप जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्ये आठ विद्यालय छनोट गरी दुई सामुदायिक र दुई संस्थागत विद्यालयबाट ४०/४० गरी ८० विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा छनोट गरिएको छ । विधिका रूपमा अध्ययनको ढाँचा, जनसङ्ख्या क्षेत्र, प्रतिनिधि नमुना, प्राथमिक स्रोत द्वितीयक स्रोत, सामग्री निर्माण, पूर्वपरीक्षण, मानकीकरण, परीक्षण कार्यान्वयन विधिको प्रयोग गरिएको छ । अनुच्छेद लेखन क्षमताको समग्र अध्ययनका क्रममा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता संस्थागत विद्यालयको भन्दा केही राम्रो अवस्था रहेको देखाइएको छ । दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयमा अनुच्छेद लेखन कार्य गराई गरिएको परीक्षणमा सामुदायिक विद्यालयको २६.१ प्रतिशत र संस्थागत विद्यालयले २५.६ प्रतिशत प्राप्त गर्नुले उक्तकुरा पुष्टि भएको देखाइएको छ । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपालीभाषी विद्यार्थीहरूको २५.८ प्रतिशत र दोस्रोभाषी विद्यार्थीहरूको २५.६ प्रतिशत रहेको देखाइएको छ । अनुच्छेद लेखन क्षमताको समग्र अध्ययनका क्रममा छात्रा र छात्र ४०/४० जनाको सङ्ख्यामा लिँदा छात्राहरूको २५.९ र छात्रहरूको २५.५ प्रतिशत प्राप्त गरेको निष्कर्ष निकालिएको छ ।

सिंह (२०७२) द्वारा, *'जाजरकोट जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्य जाजरकोट जिल्लाको कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन

क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गर्नु उद्देश्यमा केन्द्रित भएर शोध गरिएको छ । समग्र विद्यालयका प्रकृतिका आधारमा भन्नुपर्दा संस्थागत विद्यालयका विद्यार्थीहरू मध्यमान भन्दा माथि ५० प्रतिशत र तल ५० प्रतिशत रहनाले संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको देखाइएको छ । प्रस्तुत अध्ययन अनुसन्धानलाई वस्तुगत रूपमा प्रदान गर्न जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरूको प्रयोग गरिएको देखाइएको छ । लैङ्गिकताका दृष्टिले छात्राहरूको निबन्धलेखन क्षमता ५६ प्रतिशत र छात्रहरूको ५४ प्रतिशत रहनाले छात्रको भन्दा छात्राहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको देखिन्छ

ओझा (२०७३) द्वारा *'माध्यामिक शिक्षक स्रोत सामग्री'* नामक पुस्तकमा सामाजिक जीवनका कुनै घटना, क्रियाकलाप, कार्यक्रम, भ्रमण, योजना, सम्भाव्यता, समस्या आदिको अवलोकन निरीक्षण गरी  त्यस्ता घटनाकार्य आदिको यथार्थ विवरण, कारण, विशेषता, सम्भाव्यता ठम्याई आवश्यक सुझाव समेत प्रस्तुत गरी  लेखिने लेखनलाई प्रतिवेदन भनिन्छ भनी परिभाषित गरेको पाइन्छ । यसका साथै उक्त पुस्तकमा प्रतिवेदनका प्रकारलाई निरीक्षण प्रतिवेदन, अध्ययन प्रतिवेदन र आवधिक प्रतिवेदन गरी तिन प्रकारमा बाँडिएको छ । साथै प्रतिवेदनको संरचना र प्रतिवेदनका विशेषतालाई पनि सविस्तार प्रस्तुत गरेको पाइन्छ ।

अधिकारी (२०७३) द्वारा *'माध्यामिक शिक्षक स्रोत सामग्री'* पुस्तकमा प्रतिवेदन लेखन सम्बन्धी चर्चा गरिएको छ । उक्त पुस्तकमा प्रतिवेदन लेखनको परिचय, प्रतिवेदन लेखनका उद्देश्य र महत्त्व, प्रतिवेदन लेखनका ढाँचा, प्रतिवेदनका प्रकार र प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरूलाई समावेश गरिएको छ । उक्त पुस्तकमा प्रतिवेदनका प्रकारलाई लेखनशैलीका आधारमा विवरणात्मक प्रतिवेदन विश्लेषणात्मक प्रतिवेदन र कार्य र समयका आधारमा गोष्ठी वा कार्यक्रम प्रतिवेदन, प्रगति प्रतिवेदन, वार्षिक प्रतिवेदन र अनुसन्धान प्रतिवेदन गरी  विभिन्न भागमा वर्गीकरण गरिएको पाइन्छ ।

चपाई (२०७३) द्वारा *'काठ्माडौँ जिल्लाका कक्षा एघार पुरा गरेका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्य काठ्माडौँ जिल्लाका कक्षा एघार पुरा गरिसकेका समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरू बिचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बिचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु उद्देश्यमा केन्द्रित भएर शोध गरिएको छ । समग्र विद्यार्थीहरूको प्रतिशतलाई हेर्दा माध्यमानका आधारमा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतको अध्ययनका आधारमा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४३ जना अर्थात ५३.७५ प्रतिशत रहेकाले विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखाइएको छ । लैङ्किकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूका अनुच्छेद लेखन क्षमताको तुलना गर्दा ६० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या केही मात्रामा बढी देखिनुले छात्रहरूकोभन्दा छात्राहरूको अनुच्छेद लेखन क्षमता थोरै मात्रामा राम्रो रहेको देखाइएको छ । भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलना गर्दा दोस्रोभाषी विद्यार्थीको तुलनामा पहिलोभाषी विद्यार्थीहरू अगाडि रहेको देखाइएको छ । प्रस्तुत अध्ययन अनुसन्धानलाई वस्तुगत रूपमा प्रदान गर्न जनसङ्ख्या पहिचान प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलनका स्रोतहरूमा प्राथमिक स्रोत र द्वितियक स्रोतहरूको प्रयोग गरिएको छ । समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति हर्दा ६० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३८ जना अर्थात ४७.५ प्रतिशत, लैङ्गिकताका आधारमा छात्रहरूको अनुच्छेद लेखन क्षमता ६० प्रतिशतभन्दा बढी अङ्क ल्याउने १७ जना अर्थात ४२.५ प्रतिशत, छात्राहरूको अनुच्छेद लेखन क्षमता ६० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ५२.५ प्रतिशत, भाषिक पृष्ठभूमिका आधारमा हेर्दा पहिलोभाषिक विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता ३१ जना ५६.३६ प्रतिशत र दोस्रोभाषिक विद्यार्थीहरूका अनुच्छेद लेखन क्षमता ९ जना अर्थात् ३६ प्रतिशत रहेको देखाइएको छ ।

घिमिरे (२०७३) द्वारा *'नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त

शोधकार्य जाजरकोट जिल्लाका कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमि, लैङ्गिकता तथा विद्यालय प्रकृतिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र अनुच्छेद लेखनमा देखिएका समस्या निराकरणका लागि उपाय सुझाउनु उद्देश्यमा केन्द्रित भएर शोध गरिएको छ । यस अध्ययनलाई पुरा गर्नका लागि प्रतिनिधि जनसङ्ख्या नमुना छनोटअन्तर्गत प्राथमिक स्रोत र द्वितिय स्रोतहरूको प्रयोग गरिएको छ । नवलपरासी जिल्लाका समग्र कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता सामान्य रहेको, सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको, पहिलोभाषी विद्यार्थीको तुलनामा दोस्रोभाषी विद्यार्थीको अनुच्छेद लेखन क्षमता निम्न रहको र छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहको अनुच्छेद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

निष्कर्षमा भन्नुपर्दा शोधपत्र तयार पार्ने क्रममा विभिन्न विज्ञका पुस्तकहरू र विभिन्न शोधार्थीका शोधपत्रहरूको आवश्यकता र महत्त्व रहन्छ । जसअनुसार नै प्रतिवेदन लेखनसँग सम्बन्धित सम्पूर्ण शोधपत्र र पुस्तकहरूलाई आधार बनाई यो शोधपत्र तयार गरिएको छ । उक्त अध्ययन कार्य सम्पन्न गर्ने क्रममा प्रतिनिधि नमुना, सामग्री निर्माण, पूर्वपरीक्षण, तथ्याङ्क सङ्कलन, व्याख्या र विश्लेषण जस्ता विधिहरू प्रयोग गरिएको छ । शोधपत्रको क्रममा भन्नुपर्दा अनुच्छेद लेखन, निबन्ध लेखन, चिठी लेखन, विज्ञापन लेखनका शोधपत्रहरूलाई आधार सामग्री बनाइएको छ । उक्त कार्य पुरा गर्ने उद्देश्यले उक्त पूर्वकार्यहरूमा आ-आफ्ना जिल्ला र स्थानहरू तोकी ती स्थान र जिल्लाहरूका निश्चित विद्यालय र विद्यार्थी सङ्ख्या तोकी शोधकार्यलाई पूर्णता दिने काम गरिएको छ । उक्त क्रममा विद्यार्थीहरूको लेखन क्षमताको अध्ययन गरी  ती लेखन क्षमतामा देखिएको विभिन्न समस्याहरू पहिचान गरी  लेखन क्षमता विकासको लागि आवश्यक सल्लाह सुझावहरू दिइएको छ ।

## २.२ प्रतिवेदनको सैद्धान्तिक अवधारणा

भाषा विचार विनिमयको माध्यम हो । भाषा शिक्षणको खास उद्देश्य भाषाका चार सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को विकास गर्नु रहेको छ । उल्लिखित भाषाका चार

सिपहरूमा विद्यार्थीहरूलाई सक्षम बनाउनको निमित्त भाषा शिक्षण गरिएको हुन्छ भाषाका यी चारै वटा सिपहरू एकअर्कोसँग सम्बन्धित हुन्छन् । प्रतिवेदन लेखनमा आफूले देखेर भोगेका अनुभव गरेका कुराहरूलाई वस्तुगत रूपमा घटना वस्तुस्थिति आदि सम्बन्धी अभिव्यक्ति दिने महत्त्वपूर्ण माध्यम हो । लेखन सिपको विकास विद्यार्थीहरूले जीविकोपार्जन समेत गर्न सक्ने भएकाले प्रतिवेदन लेखन क्षमता कार्यकलाप गराउनु जरुरी देखिन्छ ।

प्रतिवेदन भनेको कुनै पनि औपचारिक वा अनौपचारिक कार्यक्रम समाप्त भइसकेपछि त्यस कार्यक्रमको राम्रो पक्ष नराम्रो पक्ष सबैलाई समावेश गरेर तयार पारिने एउटा लेख हो । कुनै घटना दुर्घटना आदिको सम्बन्धमा स्थलगत अध्ययन, छानबिन सोधपुछ आदि गरिसकेपछि प्रतिवेदन तयार पारिने गरिन्छ । यो कुनै पनि  कार्यक्रमको अन्तिम चरण हो । प्रतिवेदनमा  कुनै कार्यक्रममा भए गरेका सम्पूर्ण विवरण उल्लेख गरिन्छ । प्रतिवेदनका बारेमा विभिन्न भाषाशास्त्रीहरूले विभिन्न किसिमले परिभाषित गरेका छन्:

कुनै घटना, कार्य योजना आदिका सम्बन्धमा छानबिन, पुछताछ आदि कार्य गरिसकेपछि सम्बन्धित अधिकारी वा सभा आदिको अगाडि प्रस्तुत गर्न तयार पारिएको विवरण वा कुनै घटना वा कामका बारेमा कसैलाई दिइने विवरण नै प्रतिवेदन हो (नेपाली बृहत् शब्दकोश, २०७२ : ८८१) । प्रतिवेदन कुनै पनि ठाउँ, घटना वा कार्यक्रमहरूको अध्ययन गरिसकेपछि आफूले गरेका, देखेका, सुनेका थाह पाएका भोगेका कुराहरूको यथार्थ रूपमा सूचानात्मक ढङ्गले लिखित रूपमा तयार पारिने एउटा लेख नै प्रतिवेदन हो । यो विवरणात्मक किसिमको हुने गर्दछ ।

सामाजिक जीवनका कुनै घटना, क्रियाकलाप, कार्यक्रम, भ्रमण, योजना, सम्भाव्यता, समस्या आदिको अवलोकन निरीक्षण गरी  त्यस्ता घटनाकार्य आदिको यथार्थ विवरण, कारण, विशेषता, सम्भाव्यता ठम्याइ आवश्यक सुझाव समेत प्रस्तुत गरी  लेखिने लेखनलाई प्रतिवेदन भनिन्छ (ओझा, २०७३ : ३४९) । मानिस सामाजिक प्राणी हो । समाजमा विभिन्न खालका घटनाहरू घट्ने गर्दछन् र ती समाजमा हुने विभिन्न क्रियाकलापहरूको यथार्थ विवरणहरूलाई प्रतिवेदनमा समावेश गरिएको हुन्छ । यसको लागि विवरणहरू सत्य तथ्य हुनुपर्दछ । यो कुनै कार्यक्रमको निष्कर्ष हो ।

कुनै विषय, घटना तथा समस्याको अध्ययन गरी त्यसका तथ्य सहितको विश्लेषण र त्यसबाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदनको राम्रा सुझावहरूको लिखित दस्तावेजलाई प्रतिवेदन भनिन्छ (पराजुली, २०५३ : ७३) । प्रतिवेदनमा कुनै कार्यक्रमको सम्पूर्ण विवरण उल्लेख गरिसकेपछि त्यसमा आवश्यक मात्रामा सुझावहरू पनि उल्लेख गरिन्छ । प्रतिवेदन एउटा यस्तो विवरण हो, जुन कुनै समसामयिक घटना, समस्या, वस्तुस्थिति वा क्रियाकलापको अध्ययन वा निरीक्षणमा आधारित हुन्छ ।

कुनै घटना, समारोह, कार्यक्रम, भ्रमण, योजना समस्या आदिको वास्तविक अध्ययन अवलोकन पश्चात ती कुराहरूको सिलसिलेबार वर्णन गरी अन्त्यमा निष्कर्ष र सुझाव समेत दिएर सम्बन्धित ठाउँमा बुझाउने वा सभा समारोहमा प्रस्तुत गरिने लिखित विवरणलाई प्रतिवेदन भनिन्छ (भट्टराई र अन्य, २०७२ : १९०) । प्रतिवेदन तयार पार्दा कुनै कार्यक्रममा भए गरेका गतिविधिहरूलाई क्रमैसँग प्रस्तुत गरिन्छ । यदि कार्यक्रमको कुनै एउटा पक्षमा कमि कमजोरी देखा परेमा सम्पूर्ण प्रतिवेदन नै खल्लो लाग्न सक्छ । प्रतिवेदन कार्यक्रमको सम्पूर्ण विवरणहरूको विश्लेषण गरी अन्त्यमा सुझाव सहित पेश गरिने लेख हो ।

कुनै अध्ययन, अनुसन्धान वा कार्यक्रमको उद्देश्य प्राप्तिका सन्दर्भका गरिएको विभिन्न कार्य, क्रियाकलाप देखा परेका समस्या, समस्या समाधानका उपाय, उपलब्धि, निष्कर्ष, सुझाव आदिका बारेमा निश्चित ढाँचा वा संरचनामा आधारित भई तयार पारिएको सिलसिलाबद्ध लेखनलाई प्रतिवेदन भनिन्छ (अधिकारी, २०७३ : ५४८) । प्रतिवेदन कुनै कुराको खोजतलास गरिसकेपछि निकालिने सारसंक्षेप हो । यसमा लेखकले कुनै समसामयिक वा महत्त्वपूर्ण विषय छानेर त्यसको अध्ययन गर्नेगर्दछ । अध्ययनको समयमा सम्बन्धित विषय घटना वा समस्याको अध्ययन निरीक्षण गर्नुपर्दछ । सम्बन्धित विषय सामग्रीको पूर्ण निरीक्षण पछि सम्बद्ध व्यक्तिसँग सम्पर्क गर्नुपर्छ र कुराकानी वा अन्तर्वाताका माध्यमबाट अनुसन्धानसँग सम्बन्धित विषयलाई प्रष्ट गर्ने गर्दछ ।

सूचना तथ्य र निरीक्षणमा आधारित भएर वस्तुगत अवलोकन मार्फत तथ्यहरू सङ्कलन गरी प्रतिवेदन लेखिन्छ, यसले व्यक्तिलाई वस्तुगत रूपमा अवलोकन गर्न राय सुझाव पेस गर्न र लेखनसिपको विकास गर्न सहयोग पुऱ्याउँछ (गौतम र अन्य, २०७० :

४०) । प्रतिवेदन लेख्नुभन्दा पहिला सम्बन्धित विषयमा पर्याप्त निरीक्षण र अध्ययन गरिनु आवश्यक हुन्छ । यो फरक विषयसँग सम्बन्धित हुन सक्छ । प्रतिवेदन लेख्दा सरल र स्पष्ट भाषा अर्थात् सबैले सहज रूपमा बुझ्ने भाषाको प्रयोग गरिएको हुनुपर्दछ, र अहिले एउटै शब्दको पनि धेरै अर्थ लाग्ने हुन्छन् तर प्रतिवेदनमा त्यस्तो दोहोरो अर्थ लाग्ने शब्दको प्रयोग गर्नुहुँदैन । प्रतिवेदन वास्तविक विषयवस्तुमा केन्द्रित हुने गर्दछ । कुनै कार्यक्रम अर्थात् अन्य कुनै भ्रमण गोष्ठी आदिमा जे कुरा त्यहाँ घटना बनेर घटिरहेको हुन्छ । त्यही कुरा नै प्रतिवेदनमा समावेश गर्नुपर्दछ । साहित्यका अन्य विधामा जस्तो काल्पनिक विषयवस्तुको प्रयोग गरिँदैन ।

प्रतिवेदन विषयसँग सम्बन्धित मूल बुँदाहरूको क्रमबद्ध विवरण र तत्सम्बन्धी आफ्नो राय, सुझाव समेत लिखित रूपमा प्रस्तुत गर्नुपर्छ (पौडेल, २०७० : १०२) । कुनै सङ्घ संस्था, कार्यालय आदिका आवधिक गतिविधि, क्रियाकलाप, आर्थिक कारोबार, मासिक, वार्षिक प्रगति आदिका सम्बन्धमा लेखिएको प्रतिवेदनसम्बन्धी संस्थाको सभा समारोह, वैठक सम्मेलन अधिवेशन आदि समक्ष पेस गरिन्छ ।

भाषाका चारवटा सिपहरू हुन्छन् । सुनाइ, बोलाइ, पढाइ, लेखाइ यी सिपहरू क्रमश प्रयोग हुने गर्दछन् । यी चार सिपमध्ये प्रतिवेदन लेखन लेखाइ सिपसँग सम्बन्धित रहेको पाउन सकिन्छ । भाषाका चार सिपमध्ये अन्तिम चरणको सिप लेखाइ सिप हो । जसअन्तर्गत प्रतिवेदन पनि पर्दछ । सामान्य अर्थमा भन्दा कुनै कार्यक्रम वा अन्य कुनै पनि घटनाहरूको बारेमा विश्लेषण गरी त्यसको विवरण तयार पार्नु नै प्रतिवेदन हो । जसले लेखन क्षमताको विकास गर्दछ । प्रतिवेदन लेखन भनेको अन्य दैनिकी वा सामान्य लेखनभन्दा विशिष्ट किसिमको लेखन हो यसका लागि सरल सहज र सवैले बुझ्ने खालको भाषाको प्रयोग गरिन्छ ।

## २.३ प्रतिवेदन लेखनका प्रकार

जुनसुकै वस्तु, विषय, स्थान चिजविजहरूको आ-आफ्नै प्रकार हुन्छन् । त्यस्तै भाषाको चारवटा सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपहरूमध्ये लेखाइ सिप चौथो सिप हो । लेखाइ सिपसँग सम्बन्धित प्रतिवेदन लेखनलाई भिन्न-भिन्न तरिकाले परिभाषित गर्दै प्रतिवेदन लेखनका प्रकारलाई पनि छुट्टाछुट्टै शैलीमा व्यक्त गरेको पाइन्छ । जसमा प्रा.डा.

देवीप्रसाद गौतम, प्रा.डा पारसमणि भण्डारी, र प्रा.डा रामनाथ ओझाले प्रतिवेदनलाई उद्देश्य, समय र शैलीका आधारमा निरीक्षण, अध्ययन र आवधिक प्रतिवेदन गरी तिन भागमा वर्गिकरण गरेको पाइन्छ । यसै प्रकारमा डी.पी. भट्टराईले पनि सहमत जनाएका छन् ।

प्रतिवेदनका कुनै वास्तविक प्रकार हुँदैन यो विभिन्न कार्यक्रम वा घटनाअनुसार तयार पारिन्छ । प्रतिवेदनलाई जति प्रकारमा विभाजन गरिए पनि प्रायः यो समान किसिमको हुने गर्दछ तर पनि समाजका विभिन्न क्षेत्रमा प्रस्तुत हुने प्रतिवेदन केही भिन्न-भिन्न प्रकृतिका हुन सक्छन् ।

विभिन्न विद्धानहरूले प्रतिवेदनका प्रकारका सम्बन्धमा विविध प्रकारमा विभाजन गरे पनि लेखनगत शैलीका आधारमा हेर्दा भाषाविद् तथा लेखक मोतीलाल पराजुलीले प्रतिवेदन लेखनका प्रकारहरूलाई निम्नानुसार चर्चा गरेका पाइन्छ :

### २.३.१ गोष्ठी वा कार्यक्रम प्रतिवेदन (साधारण प्रतिवेदन)

कुनै निश्चित उद्देश्य लिएर आयोजना गरिएको गोष्ठी वा कार्यक्रमका बारेमा गरिएको परिचय, तथ्य समीक्षा र निष्कर्ष सहितको प्रतिवेदनलाई साधारण प्रतिवेदन भनिन्छ । (पराजुली,२०५३ :७१) । यो प्रतिवेदनको लागि छोटो समयको कार्यक्रम हुने भएकाले प्रतिवेदनको आकार पनि छोटो प्रकृतिको हुने गर्दछ । यो प्रतिवेदन विशेष गरी २ देखि ५-७ पृष्ठसम्मको आकारमा तयार पारिन्छ ।

### २.३.२ प्रगति प्रतिवेदन (समीक्षात्मक प्रतिवेदन)

कुनै कार्यालय, योजना आदिको कार्य प्रगति के कति ढङ्गले अगाडि बढिरहेको छ ? कति समयमा सो कार्य पूरा हुनसक्छ ? आदि विषयका बारेमा गरिने अध्ययन रिपोर्टलाई समीक्षात्मक प्रतिवेदन भनिन्छ (पराजुली, २०५३ :७२) । यस प्रकारको प्रतिवेदनमा कुनै कार्यक्रम सञ्चालन गरिसकेपछि त्यो कार्यक्रम उद्देश्यअनुसार सञ्चालन भयो भएन भन्ने कुरालाई हेर्ने गरिन्छ । यसमा कार्यक्रमको प्रगति विवरण, अधुरा रहेका कार्यहरू र सम्भाव्य प्रगति कार्यहरूलाई पनि क्रम मिलाएर लेखिन्छ । यो प्रतिवेदन विशेषगरी प्रमुख कार्यालय तथा मन्त्रालय आदिले त्रैमासिक वा चौमासिक प्रगतिको समीक्षा गरी प्रतिवेदन लेख्ने गर्दछन् ।

### २.३.३ वार्षिक प्रतिवेदन (समष्टि प्रतिवेदन)

संघ-संस्था विद्यालय, मन्त्रालय आदिद्धारा वर्षभर गरिने कार्यक्रमहरूको सुची सहित आम्दानी खर्च तथा आफ्नो जनशक्ति परिचालन सम्बन्धी उद्देश्य र लक्ष्यहरूलाई समावेश गरी तयार गरिने प्रतिवेदन समष्टि प्रतिवेदन हो (पराजुली,२०५३ :७२) । यो प्रतिवेदन विभिन्न संघ-संस्थाको हुने भएकाले सदस्य-सचिवले प्रस्तुत गर्ने गर्दछ । अर्थमन्त्रीले संसदको संयुक्त सभामा प्रस्तुत गर्ने बजेट वक्तव्य पनि देशको वार्षिक प्रतिवेदन हो ।

### २.३.४ अनुसन्धान प्रतिवेदन (निष्कर्षमूलक प्रतिवेदन)

कुनै विषय, घटना, योजना तथा समस्याहरूका आवश्यक तथ्य सहितको अनुसन्धान मूलक प्रतिवेदनलाई अनुसन्धान प्रतिवेदन भनिन्छ (पराजुली, २०५३:७२) । यसमा कुनै निश्चित विषय, घटना वा समस्याका बारेमा तिनका उपयुक्त तथ्याङ्कलाई लिएर अनुसन्धान गरिने गरिन्छ । त्यसैले यो प्रतिवेदन तथ्यमुखी, प्रमाणयुक्त र वैज्ञानिक ढङ्गबाट तयार गरिन्छ । यसमा घटनाको परिचय, अनुसन्धानको उद्देश्य, औचित्य, अनुसन्धान विधि, तथ्य टिपोट, व्याख्या, निचोड, तथ्यको प्रस्तुतीकरण, तथ्यको विवेचना, सारांश, निष्कर्ष, तथा सुझाव आदिलाई क्रमिक प्रस्तुतीकरण गरी लेखिएको हुन्छ ।

प्रतिवेदन कुनै कार्यक्रमको अन्तिम चरणमा तयार पारिने एक विवरण हो । यदि कार्यक्रमको सिलसिलामा कुनै एक चरण कमी कमजोरी देखिएमा सम्पूर्ण प्रतिवेदन नै खल्लो महशुस हुन्छ । प्रतिवेदन लेख्दा कुनै कार्यक्रमको सुरुवात कसरी भयो ? के कस्ता प्रक्रिया अपनाइयो र त्यस कार्यक्रमबाट के-कस्ता उपलब्धि हासिल भयो भन्ने कुराको जानकारी प्रतिवेदनमा उल्लेख गरिएको हुन्छ ।

## २.४ प्रतिवेदन लेखनको ढाँचा/संरचना

प्रतिवेदन तयार पार्दा कुन कुन कुराको आवश्यकता पर्दछ र प्रतिवेदन सुरू गरेदेखि अन्तिमसम्म जुन बनोट निर्माण गरिन्छ त्यो नै संरचना हो । प्रतिवेदनको संरचनामा विद्यार्थीहरूलाई प्रतिवेदन तयार पार्दा कुन-कुन प्रक्रिया अपनाउने, प्रतिवेदनलाई कति चरणमा विभाजन गर्ने, घटनाहरूलाई स्पष्ट र क्रमिक रूपमा मिलाएर राख्ने, कार्यक्रममा

सञ्चालित विभिन्न प्रक्रिया मिलाउन सक्ने, कार्यक्रमप्रति ध्यानकेन्द्रित गर्ने जस्ता कुराहरू सिकाउने गरिन्छ । सामान्यतयाः प्रतिवेदन आदि, मध्य र अन्त्य गरी  तिन भागमा संरचित हुन्छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.४.१ आदि भाग

प्रतिवेदनको सुरूको भागमा दिइने सूचनालाई परिचय खण्ड भनिन्छ । यस खण्डमा प्रतिवेदन कुन विषयमा लेखिएको हो, प्रतिवेदन लेखनको सन्दर्भ र उद्देश्य के हो, भन्ने जानकारी दिइन्छ (भट्टराई र अन्य,२०७०: १९१) । यस खण्डमा प्रतिवेदनको शीर्षकको मूलभाव वा विचारलाई छोटो, मीठो र प्रभावोत्पादक ढङ्गमा प्रस्तुत गर्नुपर्दछ ।

### २.४.२ मध्य भाग

यसलाई प्रतिवेदनको मुख्य खण्ड मानिन्छ । यसमा प्रतिवेदनको मुख्य विषयको वर्णन गरिएको हुन्छ । अध्ययन निरीक्षणबाट प्राप्त तथ्यहरूलाई वर्णनात्मक रूपमा यस खण्डमा प्रस्तुत गरिएको हुन्छ (ओझा, *२०७३:* ३५०) । यसमा शीर्षकमा मुख्य एवम् गौण कुराहरूको सङ्क्षिप्त तर पूर्ण हुने गरी  विस्तार गरिन्छ । मध्य भाग प्रतिवेदन लेखनको महत्त्वपूर्ण भाग हो । प्रतिवेदनको विषय, सन्दर्भ र उद्देश्यको सङ्क्षिप्त सूचना दिइ सकेपछि मुख्य विषयवस्तुलाई अध्ययन अवलोकनबाट प्राप्त भएको सूचना र तथ्यका आधारमा वर्णनात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गर्नु पर्ने हुन्छ । घटना, कार्यक्रम, समस्या आदिको विस्तृत वर्णन तथा तथ्यसत्य कुराहरू यसै खण्डमा प्रस्तुत गरिन्छ ।

### २.४.३ अन्त्य भाग

यो प्रतिवेदन लेखनको अन्तिम भाग हो । यसमा मूल भागको वर्णन वा विवरणको निष्कर्ष प्रस्तुत गरिन्छ (गौतम र अन्य, *२०७०:* ४१) । यस खण्डमा निष्कर्ष वा सारांश राखिन्छ । यो वाक्य शीर्ष वाक्यसँग केही मिल्दो पनि हुन्छ । यो खण्डमा विषयवस्तुको संयोजनका दृष्टिले कम महत्त्वपूर्ण भए पनि यसमा प्रस्तुत तथ्यलाई प्रमाणिकता र विश्वसनीयता बढाउने ध्येय राख्दछ । यस खण्डमा आवश्यकताअनुसार सुझाव पनि प्रस्तुत गरिन्छ ।

## २.५ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

मानव मन मस्तिष्कभित्र रहेका भाव र विचारलाई लिपिबद्ध गर्नु नै लेखाइ हो । लिपि चिह्न लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्नो विचार कसरी अभिव्यक्ति गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षण कार्यकलापलाई लेखाइ शिक्षण भनिन्छ । अभिव्यक्तिको विशिष्ट सिप नै लेखाइ हो । आफ्ना ज्ञान एवम् कल्पना गरेका कुरालाई प्रभावकारी एवम् कलात्मक तरिकाले अभिव्यक्ति गरी  लेख्ने सिप विकास गराउन तथा लेख्ने सिपको उपयोगबाट जीवनका व्यावहारिक समस्या समाधान गर्न र आत्मनिर्भर बनेर बाच्न सक्ने दक्षता दिलाउन लेखन शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । व्यक्तिको सिर्जनात्मक क्षमताको विकास तथा लेखनमा गति क्रमबद्धता र सङ्क्षिप्तता ल्याउन पनि लेखाइ सिप महत्त्वपूर्ण रहन्छ ।

लेखनकला आफैमा शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग हो र व्यावहारिक कार्यकलाप पनि हो । सम्पूर्ण कक्षा कार्यकलापहरू लेखन सिपबाट नै सञ्चालन हुन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सिपसँग सम्बन्ध राख्दछ । लेखन कला कमजोर भएका विद्यार्थीहरूले अपेक्षा उपलब्धि हासिल गर्न कठिन पर्दछ । त्यसैले यस्तो अवस्था आउन नदिन पनि लेखन सिपमा दक्षता बढाउँदै लैजान आवश्यकता हुन्छ र सिर्जनात्मक क्षमताको विकास गराउन भाषाका चारै वटा सिपहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । यसरी सम्पूर्ण शिक्षण प्रक्रियामा लेखाइ शिक्षणले विद्यार्थीहरूलाई उचित मार्गदर्शन प्रदान गर्छ ।

## २.६ लेखाइ सिपको विकासमा प्रतिवेदन लेखनको स्थान

भाषाका चारवटा सिप मध्ये लेखाइ सिप महत्त्वपूर्ण सिप हो । बोलेर विचार विनिमय गर्न नसकिने अवस्थामा व्यक्तिले आफ्ना भावना धारणा वा विचार लेखेर व्यक्त गर्ने गर्दछन् । लेखाइले बोलाइको अभिव्यक्तिगत सीमा वा परिधिबाट हुने नभइ आफूले गरेका अनुभव स्वयम ज्ञानसँग सम्बन्धित हुन्छ । समय र स्थानको सीमावद्धमा नरही अरुलाई भागिदार बनाउने माध्यम लेखाई भएकाले यसको महत्त्व बढेको छ । विशेषतः शिक्षित वर्गमा बोलाइका साथै यसको महत्त्व अझ बढ्दै गएको छ । बोलाइ आफ्नो अनुभव एवम्

ज्ञान आर्जन गरेका कुराहरूलाई सम्भनाका लागि सङ्क्षिप्त र सङ्गठित राख्न सहयोग गर्छ । यसले भविष्यमा आफू र अरुको लागि लेखाइको महत्त्वलाई पूर्ण रूप दिन उपयोग गर्न मद्दत गर्दछ ।

लेखन सिप विकासका विभिन्न किसिमका कार्यकलापहरूको ठुलो भूमिका रहेको हुन्छ । निबन्ध, कथा, जीवनी, टिप्पणी, सारांश, अनुच्छेद, दैनिकी र प्रतिवेदन आदि जस्ता लेखाइ सिप सम्बन्धित कार्यकलापले लेखाइ सिप विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । कुनै घटना, कार्यक्रम, स्थानगत भ्रमण वा अन्य कुनै पनि कार्यक्रमको अन्त्यमा त्यस कार्यक्रमको राम्रो नराम्रो पक्षको बारेमा अध्ययन गरी सुझाव सहित पेश गरिने एक लेख नै प्रतिवेदन हो । यो कार्यक्रमको अन्तिम रूप हो । निरन्तर अभ्यासबाट लेखनकलामा स्तरीयता ल्याउन सकिन्छ । शिक्षा क्षेत्रमा विद्यालयको प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सिपसँग सोझो सम्बन्ध राख्दछ । लेखनकला कमजोर भएका कुनै पनि तह पुरा गर्न समस्या पर्दछ । लेखनकला बढाउँदै जाँदा लेखाइ शिक्षणमा पनि फरक-फरक तहमा फरक महत्त्व रहेको पाइन्छ । प्रतिवेदन लेखनमा विभिन्न विषयवस्तुलाई शीर्षक बनाएर प्रतिवेदन लेख्न सकिन्छ । प्रतिवेदनले कुनै पनि सामान्य कार्यक्रमदेखि लिएर ठुला-ठुला संघसंस्थाको सेमिनार गोष्ठीहरूको वास्तविक अवस्था बोध गर्न सकिन्छ । यसका साथै यसले विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको वृद्धि, भाषिक शुद्धता, लेखाइमा शुद्धता, वर्णविन्यास त्रुटि हटाउन, तथा विराम चिह्नको सही तरिकाले प्रयोग गर्न पनि विकास हुन्छ । यसबाट विद्यार्थीहरूमा आफुले भन्न खोजेको कुरा सिलसिला र क्रमबद्ध रूपमा आदि, मध्य र अन्त्य भागमा सङ्गठन गरी प्रस्तुत गर्न सहयोग गर्दछ ।

यसरी सहित्यका विभिन्न विधाहरू वा अन्य शीर्षकमा निहित भएको, छोटो, छरितो र सङ्क्षिप्त विस्तार गरी आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने प्रतिवेदन लेखनले लेखन सिप विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

## २.७ विद्यालय तहमा प्रतिवेदन लेखन शिक्षणको प्रयोजन

भाषाका विभिन्न चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन्छन् । यी चार सिप मध्ये प्रतिवेदन लेखन लेखाइ सिप अन्तर्गतको पर्ने महत्त्वपूर्ण र जटिल सिप हो । विद्यालय तहमा प्रतिवेदन लेखनको प्रमुख उद्देश्य स्वतन्त्र र निर्देशित रूपमा लेखन सिप प्राप्त गर्नु

हो । प्रतिवेदन शिक्षणको मूल उद्देश्य लेखन क्षमताको विकास गराउनु आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने विकास गर्नु हो । विद्यार्थीहरूले देखेका अनुभव गरेका र पढेका कुराहरू सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सिकाउनु लै प्रतिवेदन लेखनको मुख्य उद्देश्य हो । लेखन सिपसँग सम्बन्धित कार्यकलापमध्ये  कथा, निबन्ध, चिठी, निवेदन, अनुच्छेद आदि लेखनको महत्त्वपूर्ण आधार प्रतिवेदन लेखन हो । यसले कुनै पनि विषयमा स्वतन्त्र तरिकाले चिन्तन मनन् गर्ने, लेखाइमा शुद्धता र स्तरीयता ल्याउने कार्यमा सहयोग गर्दछ । साथै यसले व्याकरणात्मक र वर्णविन्यासीय त्रुटिहरू निराकरण गर्ने र विद्यार्थीहरूमा मौलिक र सिर्जनात्मक क्षमताको विकासमा सहयोग गर्दछ । यसले कुनै पनि विषयमा सन्दर्भ नछुटाइकन श्रृङ्खलाबद्ध रूपमा छोटो तर पूर्ण अभिव्यक्ति दिने क्षमताको विकास गर्दछ । प्रतिवेदन लेखनका मुख्य प्रयोजनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

प्रतिवेदन लेखनले लेखन सिप तथा कलात्मक क्षमताको समुचित विकास गर्न, मौलिक र सिर्जनात्मक अभिव्यक्तिको विकास गर्न, बोध र अभिव्यक्ति सिपको विकास गर्न, स्वतन्त्र लेखनको सुसङ्गठित रूप पहिचान र अवलम्बन गर्न सिकाउनु, शुद्ध र स्पष्ट रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउन, साहित्यिक अनुराग बढाउन, र लेखन सिपमा पूर्णता र प्रौढताप्रति परिपक्क बनाउनको लागि प्रयोग गरिन्छ । प्रतिवेदन लेखन विद्यार्थीहरूको लेखन सिप विकास गराउनु नै महत्त्वपूर्ण प्रयोजन रहन्छ ।

यसरी विभिन्न प्रयोजनको लागि प्रतिवेदन शिक्षण गरिन्छ । प्रतिवेदनलाई भाषा तथा लेखन सिपका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । भाषाशिक्षणका क्षेत्रमा प्रतिवेदन विधालाई उपयोग गरेर विद्यार्थीहरूमा विभिन्न किसिमका भाषिक सिप तथा समझको विकास गराउन सकिन्छ ।

## २.८ प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरू

प्रतिवेदन परिस्थितिको माग र निश्चित आवश्यकता पूर्तिका लागि उपयोगी हुन्छ । यसमा व्यक्तित्वको छाप नरही अध्ययन तथा निरीक्षणबाट प्राप्त तथ्यहरू प्रस्तुत गरिएको हुन्छ । प्रतिवेदन कुनै संघसंस्थाको बारेमा विवरणहरू तयार पारि लेखिने पनि गरिन्छ । त्यो संघसंस्थाको बारेमा सम्पूर्ण घटना परिघटना त्यहाँ भएका हरेक क्रियाकलापहरू, आर्थिक

विवरणहरू आदिको अध्ययन गरी प्रमाण सहित लेखिने लेखलाई प्रतिवेदन भनिन्छ (दाहाल, २०७२ : २२७) । यो कुनै संघसंस्था मात्र नभई कुनै घटना, गोष्ठी, सेमिनार, भ्रमण वा अन्य जुनसुकै कार्यक्रमहरूको पनि हुने गर्दछ ।

प्रतिवेदन विभिन्न प्रकारका हुन्छन् । यो सत्य र तथ्यमा आधारित विषयवस्तु हो । त्यसैले प्रतिवेदन लेख्दा लेखकलाई विषयवस्तु र उद्देश्यहरू स्पष्ट रूपमा जानकारी भएको हुनपर्ने हुन्छ भने त्यस्तो प्रतिवेदनको विषयवस्तु र शीर्षक समसामयिक, विषयगत अथवा राष्ट्रिय महत्त्वको हुनुपर्दछ । सम्बन्धित विषय वा शीर्षकसम्बन्धी वस्तु तथा मूल सामग्रीको खोज गरेर सङ्ग्रह गर्नुपर्ने हुन्छ भने त्यस्ता मूल सामग्रीको खोज गरेर सङ्ग्रह गर्नुपर्ने हुन्छ भने त्यस्ता मूल सामग्रीहरू जुन घटना, विषय तथा समस्यासँग सम्बन्धित छन तिनको सङ्कलन तथ्यहरूको टिपोट गरेर अगाडि बढ्नु पर्ने हुन्छ । यसरी निश्चित विधि तथा प्रक्रियाद्धारा खोज वा सङ्ग्रह गरिएका तथ्यलाई आदि मध्य र अन्त्य भागमा विभाजन गरी खेस्रा प्रतिवेदन तयार गर्नु पर्दछ । यसरी तथ्यलाई आदि, मध्य र अन्त्यमा विभाजन गर्दा आदि भागमा सम्बन्धित विषयको उठान गर्नुपर्दछ भने मध्य भागमा सम्बन्धित विषयको विश्लेषण गर्नुपर्दछ र अन्त्य भागमा सम्बन्धित विषयमा मूल्याङ्कन सहित टुङ्ग्यउनुपर्दछ । यसरी विषयवस्तुलाई आदि, मध्य र अन्त्यको क्रममा राखिसकेपछि अन्त्यमा दायाँतर्फ प्रतिवेदक लेखी त्यसका तलतिर आफ्नो हस्ताक्षर गरी  पूरा नाम लेख्नुपर्दछ र यसको बायाँतर्फ प्रतिवेदन तयार भएको दिनाङ्क उल्लेख गर्नुपर्दछ ।

प्रतिवेदन लेखनकार्य सम्वेदनशिल विषयवस्तुमा मात्रै हुने भएकाले यसको लेखनकार्यमा प्रतिवेदक सतर्क रहनु पर्ने हुन्छ । सत्य र तथ्यमा आधारित भएर मात्रै लेखिने हुँदा विषयवस्तु वा तथ्यभन्दा बाहिर बहकिनुबाट सर्तक भएर प्रतिवेदकले प्रतिवेदन लेख्नु पर्ने हुन्छ ।

## २.९ प्रतिवेदन लेखन परीक्षण प्रक्रिया

प्रतिवेदन लेखनको लागि म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत १० विद्यालयका १०० विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा छनोट गरिएको छ । विद्यार्थीहरूलाई प्रतिवेदन लेख्नको लागि दृष्टांश र अदृष्टांश गरी  २ वटा शीर्षक दिई लेख्न लगाइएको छ । उक्त दुई शीर्षकलाई ५०/५० गरी  १०० पूर्णाङ्क छुट्याइएको छ । उक्त शीर्षकहरूमा

विद्यार्थीहरूले लेखेका प्रतिवेदनहरूलाई परीक्षण गर्ने तरिका निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### २.९.१ विषयवस्तुका आधारमा

विद्यार्थीहरूले प्रतिवेदन लेखीसकेपछि उनीहरू त्यो शीर्षकसँग कति परिचीत भएर लेखेको छन् अर्थात् विषयवस्तु प्रतिको विद्यार्थीहरूको गहिराई कति रहेको छ त्यसको आधारमा प्रतिवेदनको परीक्षण गरिएको छ । जसको लागि विषयवस्तुका आधारमा ४० पूर्णाङ्क छुट्याइएको छ ।

### २.९.२ संरचनाका आधारमा

प्रतिवेदन लेख्नको लागि एउटा निश्चित नियम पुरा गर्नु पर्दछ् जसलाई प्रतिवेदनको संरचना वा ढाँचा भनिन्छ । प्रतिवेदन लेख्नको लागि आदि, मध्य र अन्त्यको संरचना मिलाइएर लेख्नुपर्ने हुन्छ । जसको लागि ३० पूर्णाङ्क छुट्याएको छ ।

### २.९.३ भाषाशैलीका आधारमा

मौलिकता, सरलता र स्तरीयताका आधारमा भाषाशैलीको लागि २० पूर्णाङ्क छुट्याइएको छ ।

### २.९.४ वर्णविन्यासका आधारमा

प्रतिवेदन लेखनमा समावेश वर्णविन्यासका आधारमा १० पूर्णाङ्क छुट्याइएको छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि र प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनका लागि निश्चित विधि, तरिका वा प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ । अनुसन्धान वस्तुपरक, औपचारिक र व्यवस्थित कार्य हो । त्यसैले यो कार्य एउटा जटिल कार्य हो । अध्ययनलाई सरल र सहज बनाउनका लागि विभिन्न अध्ययन विधि र प्रक्रियाको आवश्यकता पर्दछ । अध्ययन भन्नाले पढ्ने कार्य सिकाइको गतिविधि ज्ञानआर्जन गर्ने बुझ्ने छानविन गर्ने कार्य शोध हो । विधि भन्नाले विभिन्न कार्य गर्ने ढङ्ग, तरिका वा शैली भन्ने बुझिन्छ । यसरी प्रस्तुत अध्ययनको शीर्षक म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन रहेको छ । जसमा अध्ययन गर्दा क्षेत्रीय र सर्वेक्षणात्मक विधिमा अध्ययन अगाडि बढ्ने छ । यस प्रस्तुत शीर्षकमा मुख्य केन्द्रबिन्दु बनाई नमुना सर्वेक्षण गरिएको छ । नमुना सर्वेक्षण भन्ने वित्तिकै यसको कार्य क्षेत्रीय अध्ययन विधिमा शोधकार्य रहेको छ  शोधकार्यको सुरुदेखि अन्तसम्म गरिने कार्य र ती कार्यका लागि आवश्यक विधिहरूको उल्लेख शोध विधिमा नै गर्नुपर्ने हुन्छ । जुनसुकै लेखन सिर्जनाका लागि पनि आ-आफ्नै ढाँचा एवम् संरचना रहेको हुन्छ । निश्चित योजना बिना अध्ययन अनुसन्धानको कार्य पूर्ण हुन सक्दैन । त्यसैले अध्ययन अनुसन्धान गर्नका लागि सिप क्षमताको अध्ययन शीर्षक सम्बन्धित क्षेत्रमा पुगेर क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिल्याउने उद्देश्यले गर्न खोजिएको कुरा स्पष्ट पारिएको छ । त्यसैले प्रयोजनको लागि विद्यार्थीहरूलाई महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यसको लागि म्याग्दी जिल्लामा प्रत्यक्ष रूपमा सहभागि भएर विभिन्न उपशीर्षकमा रहेर तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या पहिचान, नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन र सङ्कलित

तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यसरी अध्ययनलाई सार्थक र निष्कर्षमा पुऱ्याउनका लागि विभिन्न विधि र प्रक्रियाहरू पर्दछ ।

### ३.१.१ जनसङ्ख्या पहिचान

प्रस्तुत अध्ययनमा २०७३ सालमा म्याग्दी जिल्लाका  एघार कक्षामा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यस अध्ययनको प्रयोजन समय, लागत र लगानी आदिका कारणले गर्दा कक्षाका सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कनको लागि म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत गरी  १० वटा विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.१.२ नमुना छनोट

प्रस्तुत अध्ययनमा सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्याको परिधिभित्र समावेश गराउन असम्भव भएकाले सम्पूर्ण विद्यार्थीको प्रतिनिधित्व गर्ने गरी  नमुना छनोट गरिएका छ । जसमा पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयहरू रहेका छन् । प्रस्तुत नमुना अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउने विद्यालयको प्रकृति, लैङ्गिकता पक्षलाई आधार मानी छनोट गरिएको छ । छनोटमा परेका विद्यालयहरूमा एघार कक्षामा अध्ययनरत विद्यार्थीहरू मध्येबाट दश/दश जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ ।  नमुना जनसङ्ख्याका रूपमा ५० जना छात्रा र ५० जना छात्र गरी जम्मा १००  जनालाई प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ ।

### ३.१.३ सामग्री निर्माण

अनुसन्धान वैध, प्रमाणिक र विश्वसनीय हुने हुँदा प्रयोग गरिने साधनहरू वैज्ञानिक र व्यवस्थित ढङ्गले सङ्कलन गरिएका हुन्छन् । कुनै पनि अनुसन्धानको प्रकृतिअनुसार तथ्याङ्क सङ्कलन गर्नुपर्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको पहिचान परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने भएकाले सोहीअनुरूप सामग्री निर्माण गर्न आवश्यक ठानिन्छ । अभिव्यक्ति सिप विकासको कार्यकलापअन्तर्गत प्रतिवेदन लेखन क्षमता पनि हो । वस्तुतः

यसै कुरालाई ध्यानमा राखी यस अध्ययनलाई सम्पन्न गर्न एघार कक्षाका विद्यार्थीहरूलाई एघार कक्षाकै पाठ्यपुस्तक र प्रतिवेदन लेखनसँग सम्बन्धित विषयअनुसार विद्यार्थीहरूमा परीक्षण गरी  क्षमता पहिचान गरिएको छ । जसका लागि एघार कक्षाको नेपाली विषय र सम्बन्ध अन्य विषयको सहयोग लिइएको छ ।

### ३.१.४ तथ्याङ्क सङ्कलन

अनुसन्धान एक जटिल कार्य हो त्यसमा पनि तथ्याङ्क सङ्कलन गर्नु भनेको झन जटिल कार्यका रूपमा लिइन्छ । त्यसमा पनि प्रस्तुत अध्ययनको लागि आवश्यक तथ्याङ्कलन गर्ने क्रममा प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा प्रतिवेदन लेखनको लागि उनीहरूलाई प्रेरित गरियो । नमुना जनसङ्ख्याका रूपमा रहेका विद्यालयबाट सङ्कलित उत्तरपुस्तिकालाई विषयवस्तु, संरचना, भाषाशैली र वर्णविन्यास गरी  चार पक्षमा केन्द्रित रहेर प्रक्रियागत रूपमा जाँच गरियो । उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा विषयवस्तु संयोजन ४ अङ्क, संरचना ३ अङ्क, भाषाशैली २ अङ्क र वर्णविन्यास १ अङ्क गरी  जम्मा एक शीर्षकका लागि १० पूर्णाङ्कमा आधारित भएर मूल्याङ्कन गरिएको छ ।

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक सल्लाह दिएको थियो । निर्धारित शीर्षकको लागि २५ मिनेटको समयमा प्रतिवेदन लिखित रूपमा अभिव्यक्ति दिन लगाइएको  छ । उक्त उत्तर पुस्तिकालाई सङ्कलन गरी  जाँच सूचीका आधारमा अङ्क प्रदान गरी  त्यस अङ्कलाई सङ्कलन गरिएको छ ।

#### ३.१.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनलाई पूरा गर्नका लागि प्राथमिक स्रोतको आवश्यकता पर्ने हुनाले प्राथमिक स्रोका सामग्री निर्माण गर्ने क्रममा दुईवटा शीर्षक 'साँस्कृतिक तथा पर्यटकीय स्थलको भ्रमण' र 'वनभोज कार्यक्रम' शीर्षक दिई विद्यार्थीहरूलाई प्रतिवेदन लेख्न लगाएर उपयुक्त ठहरिएको शीर्षकमा प्रतिवेदन लेखाइ तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.१.४.२ द्वितीयक स्रोत

कुनै पनि कार्य पूरा गर्नका लागि निश्चित सामग्रीको आवश्यकता पर्दछ । जसको लागी द्वितीयक स्रोतका रूपमा पाठ्यसामग्री अघिल्ला वर्षका शोधपत्रहरू, सन्दर्भ पुस्तकहरूको खोजी गरी  अध्ययन गरिएको छ ।

### ३.१.५  तथ्याङ्क व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

अध्ययन शीर्षक प्रतिवेदन लेखन क्षमताको अध्ययन अभिव्यक्ति क्षमता विकास गर्न शिक्षण कार्यकलापसँग सम्बन्धित रहेको हुँदा तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त उत्तर पुस्तिकाहरूमा अङ्कित गरिएका प्राप्ताङ्कलाई सामुदायिक र संस्थागत र लैङ्गिक आधारमा वर्गीकरण गरी  तालिकाबद्ध गरिएको छ । तथ्याङ्क विश्लेषण प्राप्ताङ्कका आधारमा उत्तरहरूलाई चार वर्गमा बाँडिएको छ । जस्तैः उच्चतम, उच्च, मध्यम र न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क मध्यमान निर्धारण गरी प्रतिवेदन लेखन क्षमताको स्थिति अवलोकन गरिएको छ ।

प्रस्तुत अध्ययनको उद्देश्य म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन रहेको छ । प्रस्तुत अध्ययनमा सम्बन्धित विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग सोझै सम्पर्क राखी सफलता प्राप्त भएपछि प्रतिनिधि नमुना छनोट गरी  सम्बन्धित कुनै पनि विषयमा निर्धारित समयमा प्रतिवेदन लेख्न प्रेरित गरिएको छ । प्राप्त नतिजालाई तालिकीकरण, प्रतिशताङ्क र मध्यमानका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

यसरी उक्त तथ्याङ्क विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न कुरालाई आधार मानिएको छ । समग्रताका आधारमा पनि विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गरिएको छ । त्यस्तै विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, विद्यालयको लैङ्गिक आधारमा छात्र र छात्राको प्रतिवेदन लेखन क्षमता अध्ययन गरिएको छ । उक्त आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान र प्रतिशताङ्कका आधारमा प्रतिवेदन लेखन क्षमताको व्याख्या र विश्लेषण गरिएको छ ।

**क)	मध्यमान (Mean) गणना गर्न प्रयोगमा आएको सूत्र**

$$\text{मध्यमान } (\overline{X}) = \frac{\sum fx}{N}$$

यहाँ,

$\bar{X}$ = मध्यमान

$\sum X$ = जम्मा प्राप्ताङ्क

N = जम्मा विद्यार्थी सङ्ख्या

**ख)	मानक विचलन (Standard Deviation) गणना गर्न प्रयोगमा आएको सूत्र**

$$\sigma = \sqrt{\frac{\sum fx^2 - (\sum fx)^2 / N}{N}}$$

$\sigma$ = मानक विचलन

$\sum x$ = प्राप्ताङ्कको योग

$(\sum x)^2$ = प्राप्ताङ्कको कूल योगको वर्ग

n = जम्मा विद्यार्थी सङ्ख्या

# अध्याय चार

# परिणाम, छलफल र विश्लेषण

## ४.१ परिचय

प्रस्तुत अध्ययनबाट म्याग्दी जिल्ला एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस उद्देश्य परिपूर्तिका लागि म्याग्दी जिल्लाका पाँच सामुदायिक जसमा जमूनाखर्क उच्च माध्यामिक विद्यालय अर्थुङ्गे, गलेश्वर उच्च माध्यामिक विद्यालय तोरीपानी, म्याग्दी बहुमुखी क्याम्पस बेनी, अर्जुन उच्च माध्यामिक विद्यालय भकुण्डे, बेनी सामुदायिक उच्च माध्यामिक विद्यालय बेनी र संस्थागत विद्यालयमा माउण्ट एभरेष्ट आवसीय उच्च माध्यामिक विद्यालय बेनी, न्यू वेष्ट प्वाइन्ट उच्च माध्यामिक विद्यालय बेनी, प्रकाश उच्च  माध्यामिक विद्यालय बेनी, बुद्ध एकेडेमी बगर, भानु उच्च माध्यमिक विद्यालय रत्नेचौर गरी दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरी  विश्लेषण गर्ने दृष्टिकोण राखी व्यवस्थित गरिएको छ । अध्ययनका क्रममा प्रतिवेदन लेखनका लागि ‘साँस्कृतिक तथा पर्यटनिय क्षेत्रको भ्रमण’ र ‘वनभोज कार्यक्रम’  शीर्षक चयन गरी  निश्चित पूर्णाङ्क र समयमा प्रतिवेदन लेख्न लगाइएको छ । परीक्षणलाई विश्वसनीय स्तरीय, स्पष्ट र प्रभावकारी बनाउनको लागि शीर्षकसँग सम्बन्धित विषयवस्तुको गहिराइ, संरचना, भाषाशैली र वर्णविन्यासलाई आधार बनाइएको छ । अध्ययनमा परेका विद्यालय र विद्यार्थीको नामावली परिशिष्टमा राखिएको छ ।

यस अध्ययनबाट एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अध्याय तिनमा प्रस्तुत गरिएको अध्ययन विधिअनुसार शोधकार्य म्याग्दी जिल्ला भित्रमा सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयबाट १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त गरिएका सामग्रीलाई उचित तरिकाले व्याख्या र विश्लेषण गरेर मात्र अनुसन्धान सफल हुने भएकाले व्याख्या र विश्लेषण उचितबाट गरिएको छ । म्याग्दी जिल्लाका १० विद्यालयको १०० जना विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई विषयवस्तु, संरचना, भाषाशैली र वर्णविन्यास जस्ता तत्त्वलाई आधार मानि विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा

सामुदायिक र संस्थागत विद्यालयको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन, छात्रा र छात्रहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन र समग्र प्रतिवेदन लेखन क्षमताको अध्ययन गरिएको छ ।

### ४.१.१ समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता स्थिति

म्याग्दी जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा गरिएको प्रतिवेदन लेखन क्षमताको अध्ययनलाई प्रतिशतका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गरिएको छ । जसमा पाँच श्रेणीमा निर्धारण गरी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतको व्याख्या विश्लेषण गरिएको छ। जसअनुसार म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको स्थिति निम्नानुसार रहेको छ।

**तालिका नं. १**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४ | ४ | १० | १० | २५ | २५ | ३१ | ३१ | ३० | ३० |

उक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कूल विद्यार्थी सङ्ख्या १०० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ। जसअनुसार प्रतिवेदन लेखन क्षमता ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत देखिन्छ । त्यसैगरी प्रतिवेदन लेखन क्षमता ३५ प्रतिशतदेखि ४४ प्रतिशतसम्मका विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत देखिन्छ । प्रतिवेदन लेखन क्षमता ४५ देखि ५४ प्रतिशतसम्मका विद्यार्थीको सङ्ख्या २५ प्रतिशत देखिन्छ । प्रतिवेदन लेखन क्षमता ५५ प्रतिशतदेखि ६४ प्रतिशतसम्मका विद्यार्थीको सङ्ख्या ३१ प्रतिशत देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका रूपमा मापन गरिएको प्रतिवेदन लेखन क्षमता ६५ प्रतिशतभन्दा माथि भएका विद्यार्थीहरूको सङ्ख्या ३० प्रतिशत मात्र रहेको छ।


माथिको तालिकाअनुसार न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३० प्रतिशत देखिनाले समग्रमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको पाइएन ।

माथिको तालिकालाई वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. २**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | ४ | ४/१००×३६०=१४.४° |
| ३५-४४ प्रतिशत | १० | १०/१००×३६०=३६° |
| ४५-५४ प्रतिशत | २५ | २५/१००×३६०=९०° |
| ५५-६४ प्रतिशत | ३१ | ३१/१००×३६०=१११.६° |
| ६५ प्रतिशतभन्दा माथि | ३० | ३०/१००×३६०=१०८° |

**वृत्तचित्र नं. १**



यहाँ, तालिका नं. २ को आधारमा वृत्तचित्र निर्माण गरिएको छ । समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई हेर्दा प्राप्ताङ्क, विद्यार्थी सङ्ख्या प्रतिशतमा र विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री गरी  तिन उपशीर्षकमा रहेर पाँच श्रेणीमा विभाजन गरिएको छ । जसमा ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या जम्मा ४ जना र यसलाई डिग्रीमा लैजादा १४.४ डिग्री रहेको छ । ३५ देखि ४४ प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या १० जना र ३६ डिग्री रहेको छ । ४५ देखि ५४ प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या २५ जना ९० डिग्री रहेको छ । ५५ देखि ६४ प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या ३१ जना १११.६ डिग्री रहको छ भने ६५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० जना रहेका छन् । जसलाई डिग्रीमा लैजादा १०८ डिग्री हुन आउँछ । यसलाई नै विभिन्न रङ्का आधारमा वृत्तचित्रमा देखाइएको छ । यसरी हेर्दा सबैभन्दा कम अङ्क ल्याउने ३५ प्रतिशतभन्दा कम जम्मा ४ जना र सबैभन्दा बढी ६५ प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० जना रहेका छन् ।

### ४.१.२ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

म्याग्दी जिल्लाका एघार  कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्न पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५०/५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि विद्यार्थी जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । ती विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलना गर्न मध्यमान, मानक विचलन र वृत्तचित्रका माध्यमबाट स्पष्ट पारिएको छ । मध्यमान र मानक विचलन निकाल्न व्यक्तिगत श्रेणी प्रयोग गर्दा केही लामो र झन्झटीलो हुने हुँदा यहाँ निरन्तर श्रेणीको प्रयोग गरी मध्यमान र मानक विचलन निकालिएको छ ।

तालिका 'क'

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या (f) | मध्यबिन्दु (x) | Fx | $fx^2$ |
|---|---|---|---|---|
| ०-४ | ० | २ | ० | ० |
| ४-८ | ६ | ६ | ३६ | २१२ |
| ८-१२ | ४९ | १० | ४९० | ४९०० |
| १२-१६ | ४४ | १४ | ६१६ | ८६२४ |
| १६-२० | १ | १८ | १८ | ३२४ |
| | N=१०० | | $\sum fx$=११६० | $\sum fx^2$=११६० |

हामीलाई थाहा छ,

$$\text{मध्यमान } (\overline{X}) = \frac{\sum fx}{N}$$

$$= \frac{११६०}{१००}$$

$$= ११.६$$

$$\text{मानक विचलन } \sigma = \sqrt{\frac{\sum fx^2}{N} - \left(\frac{\sum fx}{N}\right)^2}$$

$$= \sqrt{\frac{१४०६४}{१००} - (११.६)^2}$$

$$= \sqrt{१४०.६४ - १३४.५६}$$

$$= \sqrt{६.०८}$$

$$= २.४७$$

### तालिका नं. ३

### सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | समग्र मध्यमानभन्दा माथि | | समग्र मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ११.६ | २.४७ | सामुदायिक विद्यालय | ५० | २६ | ५२ | २४ | ४८ |
| | | | संस्थागत विद्यालय | ५० | १९ | ३८ | ३१ | ६२ |
| | | | छात्रा | ५० | २९ | ५८ | २१ | ४२ |
| | | | छात्र | ५० | १६ | ३२ | ३४ | ६८ |

प्रस्तुत तालिकामा जम्मा प्रतिनिधि विद्यार्थी सङ्ख्या १०० जनालाई लिइएको छ । यहाँ समग्र मध्यमान ११.६ लाई आधार बनाई विभिन्न समूहका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति देखाइएको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिको दृष्टिले सामुदायिक र संस्थागततर्फका ५०/५० जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन् । समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २६ जना (५२ प्रतिशन) देखिन्छन् । समग्र मध्यमानभन्दा तल २४ जना (४८ प्रतिशत) देखिनाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता समग्रमा कमजोर नै देखिन्छ ।

संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई समग्र मध्यमानका आधारमा हेर्दा प्रतिवेदन लेखन क्षमता मध्यमानभन्दा माथि भएका १९ जना (३८ प्रतिशत) देखिन्छ भने समग्र मध्यमानभन्दा तल ३१ जना (६२ प्रतिशत) रहेको देखिनाले संस्थागत विद्यालयका विद्यार्थीहरूका प्रतिवेदन लेखन क्षमता मध्यम रहेको पाइन्छ ।

लैङ्गिक आधारमा हेर्दा छात्रातर्फ ५० र छात्रतर्फ ५० जना विद्यार्थीहरू रहेका छन् । समग्रमा माध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २९ जना (५८ प्रतिशत) मध्यमानभन्दा तल २१ जना (४२ प्रतिशत) छात्रा रहेका छन् । समग्रमा मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि १६ जना (३२ प्रतिशत) र मध्यमानभन्दा तल ३४ जना (६८ प्रतिशत) छात्र रहेका छन् ।

# अध्याय पाँच

# व्याख्या तथा विश्लेषण

## ५.१ विद्यालय प्रकृतिका आधारमा प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिवेदन लेखन क्षमताको आधारमा मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीका मूल्याङ्कन गरिएको छ ।

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिको आधारमा म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको व्याख्या र विश्लेषण तलको तालिकामा छुट्टाछुट्टै रूपमा स्पष्ट पारिएको छ ।

### ५.१.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा म्याग्दी जिल्लाका पाँच सामुदायिक विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । नमुनामा परेका पाँचवटा सामुदायिक विद्यालयका ५० जना एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति निम्नअनुसार रहेको छ ।

**तालिका नं. ४**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २ | ४ | ८ | १२ | २४ | १७ | ३४ | १६ | ३२ |

प्रस्तुत तालिका म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको प्रतिशताङ्क देखाईको छ । जसमा नमुना सङ्ख्यामा ५० जना विद्यार्थीहरू छनोट गरिएको छ । उक्त अध्ययनमा तल्लो श्रेणीका रूपमा


निर्धारण गरिएको प्रतिवेदन लेखन क्षमता ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) देखिन्छ । ३५ देखि ४४ प्रतिशतको बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ (८ प्रतिशत) देखिन्छ । ४५ देखि ५४ प्रतिशतका बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १२ (२४ प्रतिशत) देखिन्छ । त्यसैगरी ५५ प्रतिशतदेखि ६४ प्रतिशतका बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) देखिन्छ । सम्मका विद्यार्थीको सङ्ख्या ३१ प्रतिशत देखिन्छ । प्रस्तुत अध्ययनमा श्रेणी मापन गरिएको ६५ प्रतिशतदेखि माथिको प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १६ (३२ प्रतिशत) देखिन्छ । उपयुक्त तथ्यलाई दृष्टिगत गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता राम्रो मान्न सकिन्छ ।

माथिको तालिकाको आधारमा वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. ५**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | २ | २/१००×३६०°= ७.२° |
| ३५-४४ प्रतिशत | ८ | ८/१००×३६०°=२८.८° |
| ४५-५४ प्रतिशत | २४ | २४/१००×३६०°=८६.४° |
| ५५-६४ प्रतिशत | ३४ | ३४/१००×३६०°=१२२.४° |
| ६५ प्रतिशतभन्दा माथि | ३२ | ३२/१००×३६०°=११५.२° |

**वृत्त चित्र नं. २**




प्रस्तुत अध्ययन तालिका नं. ५ को आधारमा वृत्तचित्रमा देखाइएको छ । जसमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखनको अध्ययन गरिएको छ । म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्दा उनीहरूको क्षमतालाई पाँच श्रेणीमा रहेर विभाजन गरिएको छ। जसमध्ये ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २ प्रतिशत र यसलाई डिग्रीमा लैजादा ७.२ डिग्री रहेको छ। ३५ देखि ४४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८ प्रतिशत र २८.८ डिग्री रहेको छ। ४५ देखि ५४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २४ प्रतिशत ८६.४ डिग्री रहेको छ। ५५ देखि ६४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत र १२२.४ डिग्री रहेको छ। र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३२ प्रतिशत र ११५.२ डिग्री रहेको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउने जम्मा २ जना र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ३२ जना रहेको हुनाले यसलाई सन्तोषजनक मान्न सकिन्छ।

### ५.१.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता रहेको छ । उक्त अध्ययन सामुदायिक र संस्थागत विद्यालयको भिन्दा-भिन्दै रूपमा विश्लेषण गरिएको छ। यो अध्ययन गर्न पाँच सामुदायिक विद्यालयबाट ५० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरी गरिएको छ । जसमा २५ छात्रा र २५ छात्र विद्यार्थीहरू रहेका छन् । म्याग्दी जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई मध्यमान र मानक विचलनको आधारमा स्पष्ट गरिएको छ।

**तालिका 'ख'**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या (f) | मध्यबिन्दु (x) | Fx | $fx^2$ |
|---|---|---|---|---|
| ०-४ | ० | २ | ० | ० |
| ४-८ | २ | ६ | १२ | ७२ |
| ८-१२ | २२ | १० | २२० | २२०० |
| १२-१६ | २६ | १४ | ३६४ | ५०९६ |
| १६-२० | ० | १८ | ० | ० |
| | N=५० | | $\sum fx$=५९६ | $\sum fx^2$=७३६८ |

हामीलाई थाहा छ,

मध्यमान $(\overline{X}) = \frac{\sum fx}{N}$

$= \frac{५९६}{५०}$

$=$ ११.९२

र मानक विचलन $\sigma = \sqrt{\frac{\sum fx^2}{N} - \left(\frac{\sum fx}{N}\right)^2}$

$$= \sqrt{\frac{७३६८}{५०} - (११.९२)^2}$$

$$= \sqrt{१४७.३६ - १४२०९}$$

$$= \sqrt{५.२७}$$

$$= २.२९$$

**तालिका नं. ६**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ११.९२ | २.२९ | २६ | ५२ | २४ | ४८ |

प्रस्तुत तालिका म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता रहेको छ । उक्त तालिकाअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । जसमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान ११.९२ र मानक विचलन २.२९ रहेको छ । उक्त तालिकाअनुसार मध्यमानलाई आधार मानि हेर्दा मध्यमानभन्दा माथि विद्यार्थीसङ्ख्या २६ (५२ प्रतिशत) र मध्यमानभन्दा तल २४ (४८ प्रतिशत) रहेको छ त्यसैले सामुदायिक विद्यालयका प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको छ ।

### ५.१.३ संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा म्याग्दी जिल्लाका पाँच संस्थागत विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । नमुनामा परेका पाँचवटा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति निम्नाअनुसार रहेको छ ।

**तालिका नं. ७**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ३ | ६ | ६ | १२ | १३ | २६ | १४ | २८ | १४ | २८ |

प्रस्तुत तालिका म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको प्रतिशताङ्क देखाईको छ । जसमा नमुना सङ्ख्यामा ५० जना विद्यार्थीहरू छनोट गरिएको छ। उत्त अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको प्रतिवेदन लेखन क्षमता ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) देखिन्छ । ३५ देखि ४४ प्रतिशतको बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ (१२ प्रतिशत) देखिन्छ। साथै ४५ देखि ५४ प्रतिशतका बिचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत) देखिन्छ । त्यसैगरी ५५ देखि ६४ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) देखिन्छ । उक्त अध्ययनमा श्रेणी मापन गरिएको ६५ प्रतिशतदेखि माथिको प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १४ (२८ प्रतिशत) देखिन्छ। यस तथ्यले प्रतिवेदन लेखन क्षमता म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ।


माथिको तालिकाको आधारमा वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. ८**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | ६ | ६/१००×३६०°= २१.६° |
| ३५-४४ प्रतिशत | १२ | १२/१००×३६०°=४३.२° |

| | | |
|---|---|---|
| ४५-५४ प्रतिशत | २६ | २६/१००×३६०°=९३.६° |
| ५५-६४ प्रतिशत | २८ | २८/१००×३६०°=१००.८° |
| ६५ प्रतिशतभन्दा माथि | २८ | २८/१००×३६०°=१००.८° |

**वृत्त चित्र नं. २**




प्रस्तुत अध्ययन तालिका नं. ८ को आधारमा वृत्तचित्रमा देखाइएको छ । जसमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखनको अध्ययन गरिएको छ । म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्दा उनीहरूको क्षमतालाई पाँच श्रेणीमा रहेर विभाजन गरिएको छ । जसमध्ये ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ प्रतिशत र यसलाई डिग्रीमा लैजादा २१.६ डिग्री रहेको छ । ३५ देखि ४४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १२ प्रतिशत र ४३.२ डिग्री रहेको छ । ४५ देखि ५४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २६ प्रतिशत ९३.६ डिग्री रहेको छ । ५५ देखि ६४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २८ प्रतिशत र १००.८ डिग्री रहेको छ । र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २८ प्रतिशत र १००.८ डिग्री रहेको पाइन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन

लेखन क्षमता ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउने जम्मा ६ जना र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने २८ जना रहेको हुनाले यसलाई सन्तोषजनक मान्न सकिन्छ ।

### ५.१.४ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्न पाँच संस्थागत विद्यालयबाट ५० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । जसलाई मध्यमान र मानक विचलनको आधारमा स्पष्ट गरिएको छ ।

**तालिका 'ग'**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या (f) | मध्यबिन्दु (x) | Fx | $fx^2$ |
|---|---|---|---|---|
| ०-४ | ० | २ | ० | ० |
| ४-८ | ४ | ६ | २४ | १४४ |
| ८-१२ | २७ | १० | २७० | २७०० |
| १२-१६ | १९ | १४ | २६६ | ३७२४ |
| १६-२० | ० | १८ | ० | ० |
| | N = ५० | | $\sum fx$=५६० | $\sum fx^2$=६५६८ |

हामीलाई थाहा छ,

मध्यमान $(\overline{X}) = \dfrac{\sum fx}{N}$

$= \dfrac{५६०}{५०}$

$=$ ११.२

मानक विचलन $\sigma = \sqrt{\dfrac{\sum fx^2}{N} - \left(\dfrac{\sum fx}{N}\right)^2}$

$$= \sqrt{\frac{६५६८}{५०} - (११.२)^2}$$

$$= \sqrt{१३१.३६ - १२५.४४}$$

$$= \sqrt{५.९२}$$

$$= २.४४$$

**तालिका नं. ९**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ११.२ | २.४४ | १९ | ३८ | ३१ | ६२ |

उक्त तालिकामा संस्थागत विद्यालयको मध्यमान ११.२ र मानक विचलन २.४४ रहेको छ । उक्त तालिकाअनुसार  संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या ५० जनामध्ये ३८ प्रतिशत विद्यार्थीको प्रतिवेदन लेखन क्षमता मध्यमानभन्दा माथि छ भने ६२ प्रतिशत विद्यार्थीको प्रतिवेदन लेखन क्षमता मध्यमानभन्दा तल छ । त्यसकारण संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक मान्न सकिदैन ।

### ५.१.५ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिका बिच प्रतिवेदन लेखन क्षमताको आधारमा विद्यार्थीहरूका बिच के कति अन्तर छ भन्ने तुलनात्मक अध्ययन गरिएको छ । तुलनात्मक विश्लेषणलाई पूर्णतः वस्तुगत आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखि मध्यमान र मानक विचलनबाट तुलनात्मक अध्ययन गरिएको छ ।

**तालिका नं. १०**

| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| सामुदायिक | ५० | ११.९२ | २.२९ |
| संस्थागत | ५० | ११.२ | २.४४ |

उक्त तालिकामा सामुदायिक विद्यालयतर्फ ५० र संस्थागत विद्यालयतर्फ ५० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्या रूपमा छन । सामुदायिक विद्यालयको मध्यमान ११.९२ र संस्थागत विद्यालयको मध्यमान ११.२ रहेको छ । सामुदायिक विद्यालयको मानक विचलन २.२९ र संस्थागत विद्यालयको मानक विचलन २.४४ रहेको छ । यसरी हेर्दा सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतामा सार्थक अन्तर छ भन्ने प्रस्ट देखिन्छ ।

सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ०.७२ ले कम छ । यसबाट संस्थागत विद्यालयको तुलनामा सामुदायिक  विद्यालयको विद्यार्थीहरूको लेखन क्षमता उच्च रहेको मान्न सकिन्छ । त्यसैगरी मानक विचलनलाई हेर्दा सामुदायिक विद्यालयको विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता र संस्थागत विद्यालयको विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता ०.१५ ले फरक रहेको छ । त्यसैले तुलनात्मक रूपमा हेर्दा संस्थागतको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक पाइन्छ ।

# अध्याय छ

# व्याख्या तथा विश्लेषण

## ६.१ लैङ्गिकताका आधारमा प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन रहेको छ । अभिव्यक्ति क्षमता फरक पारे जस्तै महत्त्वपूर्ण आधार लैङ्गिक आधार पनि हो । त्यसैले यस अध्ययनमा एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा अध्ययन गरिएको छ । म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत छात्र छात्राहरू क्षमताको अध्ययन गरी प्राप्त तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गरिएको छ । जसमा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरू प्रतिनिधि नमुना छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट ५/५ जना छात्रा/छात्र पर्ने गरी छनोट गरिएको छ । म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्रा र छात्रहरूको प्रतिवेदन लेखन क्षमताको व्याख्या र विश्लेषण तलको तालिकामा छुट्टाछुट्टै रूपमा स्पष्ट पारिएको छ ।

### ६.१.१ छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत गरी दशवटा विद्यालयका जम्मा ५० जना छात्राहरूलाई छनोट गरिएको छ । प्रस्तुत तथ्याङ्क व्याख्या र विश्लेषण मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १ | २ | १ | २ | १२ | २४ | १७ | ३४ | १९ | ३८ |


माथिको तालिकामा प्रतिनिधि जनसङ्ख्याका रूपमा ५० जना छात्राहरूलाई चयन गरिएको छ। ३५ प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) देखिन्छ । ३५ देखि ४४ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) देखिन्छ। साथै ४५ देखि ५४ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ (२४ प्रतिशत) देखिन्छ । साथै ५५ प्रतिशतदेखि ६४ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) देखिन्छ। अध्ययनमा उच्चतम श्रेणी मापन गरिएको प्रतिवेदन लेखन क्षमता ६५ प्रतिशतभन्दा माथि भएका विद्यार्थीमहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ । उपयुक्त तथ्यले म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत छात्राहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ।

माथिको तालिकाको आधारमा वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. १२**

| **प्राप्ताङ्क** | **विद्यार्थी सङ्ख्या प्रतिशतमा** | **विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री** |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | २ | २/१००×३६०°= १४.४° |
| ३५-४४ प्रतिशत | २ | २/१००×३६०°=११.४° |
| ४५-५४ प्रतिशत | २४ | २४/१००×३६०°=८६.४° |
| ५५-६४ प्रतिशत | ३४ | ३४/१००×३६०°=१२२.४° |
| ६५ प्रतिशतभन्दा माथि | ३८ | ३८/१००×३६०°=१३६.८° |

**वृत्त चित्र नं. ४**




प्रस्तुत अध्ययन तालिका नं. १२ को आधारमा वृत्तचित्रमा देखाइएको छ । जसमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखनको अध्ययन गरिएको छ । म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्दा उनीहरूको क्षमतालाई पाँच श्रेणीमा रहेर विभाजन गरिएको छ । जसमध्ये ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २ प्रतिशतलाई डिग्रीमा लैजादा १४.४ डिग्री रहेको छ । ३५ देखि ४४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २ प्रतिशत र ११.४ डिग्री रहेको छ । ४५ देखि ५४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने  विद्यार्थी सङ्ख्या २४ प्रतिशत र ८६.४ डिग्री रहेको छ । ५५ देखि ६४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत र १२२.४ डिग्री रहेको छ । ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३८ प्रतिशत र १३६.८ डिग्री रहेको पाइन्छ । यसरी हेर्दा छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउने जम्मा २ प्रतिशत र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ३८ प्रतिशत रहेको हुनाले यसलाई सन्तोषजनक मान्न सकिन्छ ।

### ६.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता रहेको छ । उक्त अध्ययनमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत ५० जना छात्राहरूलाई प्रतिनिधि विद्यार्थीको रूपमा छनोट गरिएको छ । जसलाई विश्लेषण गर्नका लागि विभिन्न उपशीर्षकका आधारमा स्पष्ट पारिएको छ । जसलाई मध्यमान र मानक विचलनको आधारमा स्पष्ट गरिएको छ ।

**तालिका 'घ'**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या (f) | मध्यबिन्दु (x) | fx | $fx^2$ |
|---|---|---|---|---|
| ०-४ | ० | २ | ० | ० |
| ४-८ | १ | ६ | ६ | ३६ |
| ८-१२ | २० | १० | २०० | २००० |
| १२-१६ | २९ | १४ | ४०६ | ५६८४ |
| १६-२० | ० | १८ | ० | ० |
| | N=५० | | $\sum fx$=६१२ | $\sum fx^2$=७७२० |

हामीलाई थाहा छ,

मध्यमान $(\overline{X}) = \frac{\sum fx}{N}$

$= \frac{६१२}{५०}$

$=$ १२.२४

मानक विचलन $\sigma = \sqrt{\frac{\sum fx^2}{N} - \left(\frac{\sum fx}{N}\right)^2}$

$$= \sqrt{\frac{७७२०}{५०} - (१२.२४)^2}$$

$$= \sqrt{१५४.४ - १४९.८२}$$

$$= \sqrt{४.५८}$$

$$= २.१४$$

**तालिका नं. १३**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १२.२४ | २.१४ | १९ | ३८ | ३१ | ६२ |

प्रस्तुत तालिकामा मध्यमान १२.२४ र मानक विचलन २.१४ रहेको छ । मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) र मध्यमानभन्दा तल प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३१ (६२ प्रतिशत) रहेको पाइन्छ । मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या भन्दा मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या बढी देखिनाले एघार कक्षामा अध्ययनरत छात्राहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको पाइदैन ।

### ६.१.३ छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत गरी दशवटा विद्यालयका जम्मा ५० जना छात्रहरूलाई छनोट गरिएको छ । प्रस्तुत तथ्याङ्क व्याख्या र विश्लेषण मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४**


| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४४ प्रतिशत | | ४५-५४ प्रतिशत | | ५५-६४ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ३ | ६ | ९ | १८ | १३ | २६ | १४ | २८ | ११ | २२ |

माथिको तालिकामा प्रतिनिधि जनसङ्ख्याका रूपमा ५० जना छात्रहरूलाई चयन गरिएको छ । ३५ प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) देखिन्छ । ३५ देखि ४४ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ (१८ प्रतिशत) देखिन्छ । ४५ देखि ५४ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत) देखिन्छ । साथै ५५ प्रतिशतदेखि ६४ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) देखिन्छ । अध्ययनमा उच्चतम श्रेणी मापन गरिएको प्रतिवेदन लेखन क्षमता ६५ प्रतिशतभन्दा माथि भएका विद्यार्थीहरूको सङ्ख्या ११ (२२ प्रतिशत) रहेको छ । उपयुक्त तथ्यले म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत छात्रहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

**तालिका नं. १५**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | ६ | ६/१००×३६०°= २१.६° |
| ३५-४४ प्रतिशत | १८ | १८/१००×३६०°=६४.८° |
| ४५-५४ प्रतिशत | २६ | २६/१००×३६०°=९३.६° |
| ५५-६४ प्रतिशत | २८ | २८/१००×३६०°=१००.८° |
| ६५ प्रतिशतभन्दा माथि | २२ | २२/१००×३६०°=७९.२° |

माथिको तालिकाको आधारमा वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :




प्रस्तुत अध्ययन तालिका नं. १५ को आधारमा वृत्तचित्रमा देखाइएको छ । जसमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखनको अध्ययन गरिएको छ । म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्दा उनीहरूको क्षमतालाई पाँच श्रेणीमा रहेर विभाजन गरिएको छ । जसमध्ये ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ प्रतिशतलाई डिग्रीमा लैजादा २१.६ डिग्री रहेको छ । ३५ देखि ४४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १८ प्रतिशत र ६४.८ डिग्री रहेको छ । ४५ देखि ५४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २६ प्रतिशत र ९३.६ डिग्री रहेको छ । ५५ देखि ६४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २८ प्रतिशत र १००.८ डिग्री रहेको छ । र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २२ प्रतिशत र ७९.२ डिग्री रहेको पाइन्छ । यसरी हेर्दा छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउने जम्मा ६ प्रतिशत र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने २२ प्रतिशत रहेको हुनाले यसलाई सन्तोषजनक मान्न सकिन्छ ।

### ६.१.४ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्न ५० जना छात्रहरूलाई प्रतिनिधि विद्यार्थीको रूपमा छनोट गरिएको छ । जसलाई मध्यमान र मानक विचलनको आधारमा स्पष्ट गरिएको छ ।

**तालिका 'घ'**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या (f) | मध्यबिन्दु (x) | fx | $fx^2$ |
|---|---|---|---|---|
| ०-४ | ० | २ | ० | ० |
| ४-८ | ५ | २ | ३० | ३३० |
| ८-१२ | २९ | ६ | २९० | २९०० |
| १२-१६ | १६ | १० | २२४ | ३१३६ |
| १६-२० | ० | १८ | ० | ० |
| | N= ५० | | ∑fx=५४४ | $\sum fx^2$=६३६६ |

हामीलाई थाहा छ,

$$\text{मध्यमान } (\overline{X}) = \frac{\sum fx}{N}$$

$$= \frac{५४४}{५०}$$

$$= १०.८८$$

$$\text{मानक विचलन } \sigma = \sqrt{\frac{\sum fx^2}{N} - \left(\frac{\sum fx}{N}\right)^2}$$

$$= \sqrt{\frac{६३६६}{५०} - (१०.८८)^2}$$

$$= \sqrt{१२७.३२ - ११८.३७}$$

$$= \sqrt{८.९५} \qquad = २.९९$$

**तालिका नं. १६**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०.८८ | २.९९ | २३ | ४६ | २७ | ५४ |

प्रस्तुत तालिकामा मध्यमान १०.८८ र मानक विचलन २.९९ रहेको छ । मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २३ (४५ प्रतिशत) र मध्यमानभन्दा तल प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २७ (५४ प्रतिशत) रहेको पाइन्छ । मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या भन्दा मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या बढी देखिनाले एघार कक्षामा अध्ययनरत छात्रहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको पाइदैन ।

### ६.१.५ छात्रा र छात्रहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता रहेको छ । उक्त अध्ययनमा ५० छात्रा र ५० छात्रहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । जसका आधारमा छात्रा र छात्रहरूको विस्तारित रूपमा अगाडि नै छुट्टाछुट्टै रूपमा व्याख्या गरिएको छ । म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूलाई लैङ्गिकताका आधारमा विद्यार्थीहरूलाई विभाजन गरी  तुलनात्मक अध्ययन गरिएको छ ।

**तालिका नं. १७**

| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| छात्रा | ५० | १२.२४ | २.१४ |
| छात्र | ५० | १०.८८ | २.९९ |

माथिको तालिकामा ५० जना छात्रा र ५० जना छात्रहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । छात्रा र छात्रहरूको समूह मध्यमान क्रमश १२.२४ र १०.८८ छ । समूहगत रूपमा मात्र मानक विचलन छात्रातर्फ २.१४ र छात्रतर्फ २.९९ रहेको छ ।

प्रस्तुत तालिकालाई हेर्दा छात्रा समूहको मध्यमानभन्दा १.३६ ले बढि देखिन्छ । तसर्थ छात्र समूह भन्दा छात्रा समूहका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।

समग्रमा भन्नुपर्दा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई हेर्दा लैङ्गिकताका आधारमा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता उच्च रहेको छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत अध्ययन 'म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन' रहेको छ । उक्त शीर्षक सम्बन्धी विश्लेषण गर्न १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या नमुनाका रूपमा छनोट गरिएको छ । जसमा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूलाई छनोट गरिएको छ । प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्नका लागि सामुदायिक र संस्थागत विद्यालयबाट ५०/५० जना विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा छनोट गरिएको छ । जसमध्ये पनि सामुदायिक विद्यालयबाट २५ जना छात्रा र २५ जना छात्र गरी ५० जना र संस्थागत विद्यालयबाट पनि २५ जना छात्रा र २५ जना छात्र गरी ५० जना विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा छनोट गरिएको छ । विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्नलाई पाँच श्रेणीमा विश्लेषण गरी मध्यमान र मानक विचलनको व्याख्या र विश्लेषण गरिएको छ ।

यस अनुसन्धान अध्ययनमा विषयवस्तुको गहिराइ, संरचना, भाषाशैली र वर्णविन्यासको आधारमा उत्तरपुस्तिकालाई अङ्कन गरिएको छ । यस अध्ययनमा म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन र लैङ्गिकताका आधारमा प्रतिवेदन लेखन क्षमताको अध्ययनमा आधारित भएको छ । यिनै आधारमा अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कमजोर रहेको छ । लैङ्गिकताका आधारमा हेर्दा छात्रा समूहको प्रतिवेदन लेखन क्षमता छात्रहरूको भन्दा उच्च रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनमा 'म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन' शीर्षकको अध्ययन गर्न १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । जसमा ५० सामुदायिक र ५०

संस्थागत विद्यालयका छात्रा छात्रहरूको प्रतिशताङ्क मानक विचलन र मध्यमान आधारमा विश्लेषण गरिएको छ ।

उक्त अध्ययनमा पहिलो उद्देश्य अनुसार म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गरी निष्कर्ष निकालिएको छ । साथै म्याग्दी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका एघार कक्षाका अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई छुट्टाछुट्टै रूपमा स्पष्ट पारिएको छ । प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्ने क्रममै म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत ५० छात्रा र ५० छात्रहरूको छुट्टाछुट्टै रूपमा व्याख्या गरिएको छ ।

यसरी हेर्दा एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषजनक रहेको पाउन सकिन्छ । शीर्षक अनुसार नै विषयवस्तुको गहिराइ, संरचना, भाषाशैलीको स्तरअनुसारको प्रयोग गरेका र वर्णविन्यास पनि स्तरीय रहेको पाउन सकिन्छ । यिनै आधारमा आधारित रही अध्ययन गर्दा सामुदायिक र संस्थागतमध्ये सामुदायिक उच्च, लैङ्गिक आधारमा छात्रा र छात्र समूहमध्ये छात्रा समूह उच्च रहेको देखिन्छ ।

प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्न म्याग्दी जिल्लाका नमुनाका रूपमा छनोट भएका प्रत्येक विद्यालयमा अघिल्लो दिन गई प्रतिवेदन लेखनको विद्यार्थीहरूले बुझ्ने गरी विश्लेषण गरी  पछिल्लो दिनमा प्रतिवेदन लेख्न लगाइएको छ । जसको लागि दृष्टांश अदृष्टांश गरी  दुई शीर्षकमा प्रतिवेदन लेख्न लगाइएको छ । कुनै पनि 'साँस्कृतिक र पर्यटकिय स्थलको भ्रमण' र 'वनभोज कार्यक्रम' दुई शीर्षकमा प्रतिवेदन लेख्न लगाईको छ ।

प्रस्तुत अध्ययनलाई पूरा गर्नका लागि निश्चित विधि र प्रक्रियाको आवश्यकता पर्ने भएकाले सोही अनुसार विधि र प्रक्रिया अपनाईएको छ । जनसङ्ख्या पहिचान, नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, तथ्याङ्क व्याख्या, विश्लेषण र प्रस्तुतीकरण जस्ता विधि र प्रक्रियाहरू अपनाइएको छ । तथ्याङ्क सङ्कलनअन्तर्गत प्राथमिक स्रोत र द्वितीयक स्रोतहरूका प्रयोग गरिएको छ ।

कुनै घट्ना, कार्यक्रम भ्रमणको अन्त्यमा त्यस कार्यक्रममा भए गरेका सम्पूर्ण क्रियाकलापहरूलाई लिखित रूपमा तयार पारिने लेख प्रतिवेदन हो । प्रतिवेदनमा कार्यक्रमको सबल र दुर्बल पक्षको यथार्थ जानकारी दिने गरिन्छ । यो कार्यक्रमको अन्तिम रूप हो । प्रतिवेदन तयार पार्नको लागि सत्यपूर्ण र तथ्यपूर्ण सामग्रीको आवश्यकता पर्दछ । विद्यार्थीहरूलाई भाषिक विषयमा सक्षम बनाउन तथा भाषाका चारै सिपबाट विकास गराउन प्रतिवेदन लेखनले सहयोग गर्दछ ।

प्रतिवेदन लेखन क्षमतालाई बढुवा दिँदै नेपाली विषयका पाठ्यपुस्तकहरूमा सिर्जनात्मक अभ्यासअन्तर्गत प्रतिवेदन लेखनलाई प्रेरित गरेको पाइन्छ । प्रतिवेदन लेखनबाट विद्यार्थीहरूमा नेपाली भाषाको मानक तथा स्तरीय रूपमा लेखनलाई शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ । अन्य शैक्षणिक क्रियाकलापमा अतिरिक्त लेखन कलामा विद्यार्थीहरूलाई दक्ष बनाउन स्मरण क्षमतामा विकास गराउन प्रतिवेदन लेखन तथा शिक्षणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

## ७.२ निष्कर्ष

म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताबाट निम्न लिखित निष्कर्ष निकाल्न सकिन्छ ।

१. समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा न्यूनतम श्रेणीको रूपमा मापन गरिएको ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ प्रतिशत रहेको छ । त्यसैले म्याग्दी जिल्लाका समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई हेर्दा सन्तोषजनक रहेको छ ।

२. विद्यालयको प्रकृतिको आधारमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको मध्यमान ०.७२ ले बढी देखिन आएकाले संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको प्रतिवेदन लेखन क्षमता उच्च मान्न सकिन्छ ।

३. लैङ्गिकताका आधारमा जम्मा छात्र सङ्ख्या ५० जनामा प्राप्ताङ्कको आधारमा गणना गरिएको मध्यमान १०.८८ देखिन्छ भने छात्रा विद्यार्थीतर्फ ५० जनामा प्राप्ताङ्कको आधारमा गणना गरिएको मध्यमान १२.२४ देखिन्छ । यस आधारमा छात्राहरूको प्रतिवेदन लेखन क्षमता छात्रहरूको तुलनामा उच्च रहेको मान्न सकिन्छ ।

## ७.३ उपयोगिता

भाषाका दुई रूप हुन्छन् मौखिक र लिखित रूप । अनुसन्धानले नयाँ कुराको खोजी गर्ने, पूरानै तथ्यको पुनः व्याख्या तथा पुनरावलोकन गर्ने भएकाले भाषिक क्षेत्रमा यसको आफ्नै महत्त्वपूर्ण भूमिका रहन्छ । अनुसन्धानकार्य आफैमा जटिल र चुनौतिपूर्ण कार्य हो । तसर्थ हरेक अनुसन्धानका आ-आफ्नै महत्त्व र उपयोगिता रहेका हुन्छ । भाषाका चारवटा सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमध्य अभिव्यक्ति सिपअन्तर्गत बोलाइ र लेखाइ सिप अभिव्यक्तिको महत्त्वपूर्ण सिपअन्तर्गत लिइन्छ । प्रतिवेदन लेखन क्षमता बोलाइ र लेखाइ सिपसँग सम्बद्ध गरिएको हुन्छ । त्यसैले प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन शीर्षकमा अध्ययन गरिएको छ ।

प्रतिवेदन लेखनमा लेखाइ सिपको माध्यमबाट नै शिक्षित समुदायले अभिव्यक्तिको उत्कृष्टता हासिल गरेको हुनुपर्छ । व्यक्तिले अनुभव गरेका, देखेका, सुनेका र भोगेका कुरालाई अरु समक्ष प्रस्तुत गर्न ती कुरालाई स्मरणमा राखी राख्न, भविष्यमा आफू र अरुका लागि समेत आवश्यकताअनुसार पुनः प्रयोगमा ल्याउन लेखन कलाले मद्दत गर्दछ ।

प्रतिवेदन लेखनले शिक्षणको बारेमा स्पष्ट पार्दछ भने प्रतिवेदन किन लेख्ने भन्ने कुराको पनि बोध गराउँछ । अभिव्यक्तिगत संक्षिप्तता र गहनता नै यसको विशेषता भएकाले यसको अभ्यासबाट व्यक्तिको सिर्जनात्मकता, मौलिकता, सिप कौशलको निर्माण गर्दछ । लेखन सिपको महत्त्वपूर्ण कला प्रतिवेदन लेखन हो । प्रस्तुत अध्ययनबाट नेपाली भाषा पाठ्यक्रम निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोग मिल्नेछ ।

विद्यालय तहका पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीको मनोविज्ञानलाई ख्याल गरी पाठ्यक्रम निर्माण गरिनु पर्दछ । प्रतिवेदन लेखनले व्यक्तिको सिर्जनात्मक, मौलिक क्षमता, दक्षता र सिप कौशल निर्माण गर्दछ । भाषाको लिखित संरचनामा प्रयोग गरिने लेखन चिह्न, वर्णविन्यास, विषयवस्तु, भाषिक शुद्धता, भाषिक संयोजन तथा प्रस्तुतीलाई सही ढङ्गले अगाडि बढाउन थप सहयोग गर्दछ । विद्यार्थीहरूमा कुनै पनि कुरालाई ध्यान दिएर पढ्ने र चिन्तन, मनन गर्ने क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

यसर्थ प्रतिवेदन भनेको कुनै पनि औपचारिक वा अनौपचारिक कार्यक्रम समाप्त भईसकेपछि त्यस कार्यक्रमको सबल र दुर्बल पक्षका बारेमा समावेश गरेर तयार पारिने एउटा लेख हो । कुनै घटना दुर्घटना आदिको सम्बन्धमा स्थलगत अध्ययन, छानबिन सोधपुछ आदि गरिसकेपछि प्रतिवेदन तयार पारिने गरिन्छ । यो कुनै पनि कार्यक्रमको अन्तिम चरण हो । विद्यार्थीहरूमा लेखन कलाको विकास गराउनका साथसाथै मौलिक र सिर्जनात्मक क्षमताको विकास गराउन प्रतिवेदन लेखन अभ्यास गराउनु निकै उपयोगी मानिन्छ । विद्यार्थीहरूमा प्रतिवेदन लेखन क्षमताको विकास गराउन पाठ्यपुस्तकका अभ्यासमा मात्र केन्द्रित नभई अन्य विभिन्न विषय र प्रसङ्गमा प्रतिवेदन लेखन अभ्यास गराउँदा अझ प्रभावकारी हुन्छ । प्रतिवेदन लेखनले लेखाइ सिपका अन्य क्रियाकलापमा पनि सशक्त रूपमा सहयोग पुऱ्याउने भएकाले यो निकै उपयोगी मानिन्छ । प्रतिवेदन लेखनका उपयोगिताहरूलाई नीतिगत तह र प्रयोगगत तहका आधारमा निन्नानुसार उल्लेख गर्न सकिन्छ ।

### ७.३.१ नीतिगत तह

प्रतिवेदन लेखनकार्य आफैमा एउटा गहन कार्य हो । प्रतिवेदन लेखन अभिवृद्धिको लागि विभिन्न नीतिहरू निर्माण गर्न आवश्यक देखिन्छ । यसका लागि शिक्षक अभिभावक तथा सामुदायिक स्तरबाट नै उपायको खोजी गर्नुपर्छ । सर्वप्रथम दक्ष एवम् विषय विशेषज्ञ, शिक्षकहरू, सामुदायिक विद्यालयमा नियुक्ति गर्नुपर्छ र उनीहरूलाई आफ्नो विषयको समय सान्दर्भिकता अनुसार तालिमको व्यवस्था गर्नुपर्दछ । उक्त तालिम लिएका शिक्षकलाई निश्चित अवधिमा विद्यालयमा उपस्थित गराएर अनिवार्य पढाउनु पर्ने व्यवस्था गर्न सके

विद्यार्थीहरूमा प्रतिवेदन लेखन क्षमताको विकास हुन सक्छ । त्यसै गरी अभिभावकहरूले पनि आफ्ना सन्ततीहरूमाथि यसको बारेमा विशेष चासो राख्नु पर्दछ ।

नेपाल सरकारले शिक्षा नीति माथि सैद्धान्तिक रूपमा मात्र नभइ व्यावहारिक रूपमा जीवन उपयोगी हुने पाठ्यक्रम र पाठ्यपुस्तकका व्यवस्था गर्नुपर्छ । त्यसमा प्रयोग भएका सिर्जनात्मक पक्ष विद्यार्थीहरूले हेर्न र उपयोग गर्न सक्ने विषयवस्तु प्रतिवेदनमा समावेश गर्न सकेमा शिक्षक र विद्यार्थी दुबैमा सिर्जनात्मक क्षमता लेखन शैलीको परिष्कार, आत्मविश्वास आदि पक्षहरूको विकास हुन जान्छ । यसका लागि स्वयम् शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय र शिक्षा नीति पक्षको तालमेल हुनुपर्दछ ।

### ७.३.२ व्यवहारिक तह

प्रस्तुत अध्ययन एघार कक्षामा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन रहेको छ । भाषा शिक्षण सम्बन्धी अनुसन्धान गर्नुको मुख्य प्रयोजन भाषिक सिपको विकासमा सघाउ पुऱ्याउनु र भाषा शिक्षणको नवीन विधि र कार्यकलापको जानकारी प्रदान गर्नु हो । कुनै पनि स्तर वा तहका विद्यार्थीको भाषिक क्षमता पहिचान गरी समस्या समाधान गर्नका लागि अनुसन्धान गरिनु सान्दर्भिक हुन्छ । त्यसैले प्रस्तुत अध्ययनमा पनि विद्यार्थीको लेखाइ सिपको विकासका लागि विद्यार्थीका प्रतिवेदन लेखन क्षमता पहिचान गर्नका लागि विद्यार्थीको प्रतिवेदन लेखन क्षमता कस्तो छ ? प्रतिवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन के कसरी गर्न सकिन्छ ? भाषिक क्षमता अभिवृद्धिका लागि के कस्ता सुझावहरू दिन सकिन्छ ? जस्ता समस्यालाई केन्द्रबिन्दुमा राखेर लैङ्गिकता, विद्यालयको प्रकृतिको आधारमा प्रतिवेदन लेखन क्षमताको अध्ययन गरिएको छ ।

# सन्दर्भग्रन्थ


अधिकारी, विष्णुप्रसाद (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री,* काठमाडौँः आशिष बुक हाउस प्रा.लि. ।

अर्याल, भगवती (२०७२), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

आचार्य, गंगा (२०६७), 'स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ओझा, रामनाथ (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री,* काठ्माडौँः पिनाकल पब्लिकेसन प्रा.लि. ।

के.सी, सरस्वती (२०७२), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खत्री, भीमबहादुर (२०७२), 'रुकुम जिल्लाका कक्षा सातमा अध्ययनतर विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७२), **शैक्षिक अनुसन्धान पद्धति**, काठ्माडौँः सानलाइट पब्लिकेसन ।

गौतम, अरुण (२०७२), 'गुल्मी जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देविप्रसाद र अन्य (२०७०), **स्नातक नेपाली** (दोस्रो संस्करण), काठ्माडौँः विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, सरिता (२०७३), 'नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चपाई, कल्पना (२०७३), 'काठमाडौँ जिल्लाका कक्षा एघार कक्षा पूरा गरेका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, कौशिला (२०६९), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, दुर्गा प्रसाद (२०७२), *स्नातक (अनिवार्य) नेपाली,* काठ्माडौँः एम.के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

धामी, भरत बहादुर (२०७२), 'धादिङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठि लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

*नेपाली बृहत् शब्दकोश* (२०७२), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०५३), *नेपाली रचना कला,* लेखक ।

पोखरेल, निर्मला (२०७०), 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, गीता (२०७२), 'काठमाडौँ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठ्माडौँः विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, डी.पी. र अन्य (२०७०), **स्नातक अनिवार्य नेपाली**, काठ्माडौँः अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०७१), *भाषिक अनुसन्धान विधि* (चौथो संकरण), काठ्माडौँः पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, विष्णु बहादुर (२०७२), 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६८), *साधारण नेपाली* (तेस्रो संस्करण), काठमाडौँः शुभकामना प्रकाशन ।

सुवेदी, केशव र अन्य (२०७१), *सबैको नेपाली कक्षा ११*, ललितपुरः साझा प्रकाशन ।

सिंह, समीक्षा (२०७२), 'जाजरकोट जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट (क)

## अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका सामुदायिक र संस्थागत विद्यालयको नामावली

### सामुदायिक विद्यालयको नामावली

१. जमूना खर्क उच्च माध्यामिक विद्यालय, अर्थुङ्गे

२. गलेश्वर उच्च माध्यमिक विद्यालय, तोरीपानी

३. म्याग्दी बहुमुखी क्याम्पस, बेनी

४. अर्जुन उच्च माध्यामिक विद्यालय, भकुण्डेचौर

५. बेनी सामुदायिक उच्च माध्यमिक विद्यालय, बेनी

### संस्थागत विद्यालयको नामावली

१. माउण्ट एभरेष्ट उच्च माध्यमिक विद्यालय, बेनी

२. वेष्ट प्वाइन्ट आवासीय उच्च माध्यमिक विद्यालय, बेनी

३. बुद्ध एकेडेमी, बगर

४. भानु उच्च माध्यमिक विद्यालय, रत्नेचौर

५. प्रकाश उच्च माध्यमिक विद्यालय, बेनी

## परिशिष्ट (ख)

### प्रतिवेदन लेखनमा उपयोग गरिएका प्रतिनिधि शीर्षकहरू

१. साँस्कृतिक तथा पर्यटकीय स्थलको भ्रमण

२. वनभोज कार्यक्रम

### प्रतिवेदन लेखन परीक्षण गर्ने तरिका

प्रतिनिधि नमुना छनोटमा परेका म्याग्दी जिल्लाका कक्षा एघारमा अध्ययनरत १० विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । विद्यार्थीहरूमा प्रतिवेदन लेखन निर्देशित र स्वतन्त्र गरी दुईवटा शीर्षक दिई लेख्न लगाइएको छ । उक्त शीर्षकहरूमा विद्यार्थीहरूले लेखेका प्रतिवेदनहरूलाई परीक्षण गर्ने तरिका निम्न गरिएको छ । प्रतिवेदनलाई दुईवटा शीर्षकमा १० पूर्णाङ्क छुट्याएको छ ।

### १. विषयवस्तुका आधारमा

विषयवस्तु उपयुक्त छ कि छैन जाँच्नको लागि चार अङ्क छुट्याएको छ ।

### २. संरचनाका आधारमा

यसमा विद्यार्थीहरूले प्रस्तुत गरेको आदि, मध्य र अन्त्यको संरचना के कस्तो छ सो कुरा हेरिएको छ । यसको लागि तिन अङ्क छुट्याएको छ ।

### ३. भाषाशैलीका आधारमा

भाषाशैलीको मौलिकता र स्तरियता छ कि छैन सो कुरा हेरिने छ र भाषाशैलीलाई दुई अङ्क छुट्याएको छ ।

### ४. वर्णविन्यासका आधारमा

विद्यार्थीहरूले प्रतिवेदन लेखनमा समावेश वर्णविन्यास कतिको शुद्ध छ हेरिन्छ । शुद्धतालाई एक अङ्क छुट्याएको छ ।

यी माथिका विषय शीर्षकमा विद्यार्थीहरूलाई प्रतिवेदन लेख्न लगाइएको छ । तल दिइएका मूल्याङ्कनका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गरिएको छ ।

| **मूल्याङ्कनको आधारमा** | **छुट्याएको पूर्णाङ्क** | **जम्मा** |
|---|---|---|
| विषयवस्तु | ४ × १० = ४० | ४० |
| संरचना | ३ × १० = ३० | ३० |
| भाषाशैली | २ × १० = २० | २० |
| वर्णविन्यास | १ × १० = १० | १० |
| जम्मा | १०० | १०० |

## परिशिष्ट (ग)

## अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको नामावली

| क्र.सं. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | साँस्कृतिक तथा पर्यटकीय स्थलको भ्रमण | वनभोज | | | |
| १. | लाल बहादुर मगर | १० | ६ | ७ | १३ | ६५ | छात्र |
| २. | तेजिन्द्र बहादुर खत्री | १० | ३.५ | ३.५ | ७ | ३५ | |
| ३. | दिनेश खत्री | १० | ७ | ८ | १५ | ७५ | |
| ४. | विष्णु बानियाँ | १० | ४ | ४ | ८ | ४० | |
| ५. | वेल बहादुर रोका | १० | ५.५ | ५.५ | ११ | ५५ | |
| ६. | जमुना किसान | १० | ७ | ७ | १४ | ७० | छात्रा |
| ७. | असमिता बानियाँ | १० | ५.५ | ४.४ | १० | ५० | |
| ८. | मनिषा पौडेल | १० | ५.५ | ५.५ | ११ | ५५ | |
| ९. | अनिता खत्री | १० | ६ | ८ | १४ | ७० | |
| १०. | सन्तोषी चोखाल | १० | ५ | ५ | १० | ५० | |
| ११. | देविन घिमिरे | १० | ५ | ५ | १० | ५० | छात्र |
| १२. | शिव बराइली | १० | ४ | ४ | ८ | ४० | |
| १३. | शिव परियार | १० | ५.५ | ७ | १२.५ | ६२.५ | |
| १४. | राजु परियार | १० | ७ | ६ | १३ | ६५ | |
| १५. | सन्दिप नेपाली | १० | ६ | ६ | १२ | ६० | |
| १६. | बबिता श्रीपाली | १० | ७.५ | ७.५ | १५ | ७५ | छात्रा |
| १७. | ममता बराइली | १० | ५.५ | ५.५ | ११ | ५५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८. | समित्रा परियार | १० | ६ | ६ | १२ | ६० | |
| १९. | रिता वि.क | १० | ७ | ७ | १४ | ७० | |
| २०. | पार्वती सापकोटा | १० | ५.५ | ५.५ | ११ | ५५ | |
| २१. | पूर्ण परियार | १० | ७ | ६ | १३ | ६५ | छात्र |
| २२. | भुपेश रोका | १० | ६ | ५ | ११ | ५५ | |
| २३. | गोविन्द मिजार | १० | ५ | ५ | १० | ५० | |
| २४. | सुजन बानियाँ | १० | ५.५ | ३.५ | ९ | ४५ | |
| २५. | विवेक श्रेष्ठ | १० | ५ | ७ | १२ | ६० | |
| २६. | मन्दिरा रेग्मी | १० | ६ | ५ | ११ | ५५ | छात्र |
| २७. | गिता वुढा मगर | १० | ७ | ७ | १४ | ७० | |
| २८. | सुस्मिता सापकोटा | १० | ६ | ६ | १२ | ६० | |
| २९. | सोनी सुवेदी | १० | ७ | ७ | १४ | ७० | |
| ३०. | रेखा घिमिरे | १० | ५.५ | ४.५ | १० | ५० | |
| ३१. | साजन पूर्जा | १० | २.५ | २.५ | ५ | २५ | छात्र |
| ३२. | मनोज खत्रि | १० | ५ | ५ | १० | ५० | |
| ३३. | राजेश पाईजा | १० | ४ | ४ | ८ | ४० | |
| ३४. | याम विश्वकर्मा | १० | ५ | ६ | ११ | ५५ | |
| ३५. | जीवन खत्रि | १० | ५.५ | ४.५ | १० | ५० | |
| ३६. | शान्ती थजाली | १० | ६ | ६ | १२ | ६० | छात्र |
| ३७. | सबिता नेपाली | १० | ५ | ५ | १० | ५० | |
| ३८. | ख मायाँ छन्तयाल | १० | ५.५ | ५.५ | ११ | ५५ | |
| ३९. | इन्दिरा सुवेदी | १० | ५.५ | ५.५ | ११ | ५५ | |
| ४०. | कविता वर्देवा | १० | ६.५ | ६.५ | १३ | ६५ | |
| ४१. | मदन के.सी | १० | ७ | ६ | १३ | ६५ | छात्र |
| ४२. | एलिन बरुवाल | १० | ६ | ६ | १२ | ६० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३. | शेर बहादुर सुवेदी | १० | ६ | ७ | १३ | ६५ | |
| ४४. | शिव परियार | १० | ६ | ६ | १२ | ६० | |
| ४५. | गणेश जि.सी | १० | ७ | ६ | १३ | ६५ | |
| ४६. | आरती पौडेल | १० | ५ | ५ | १० | ५० | छात्रा |
| ४७. | सिता परियार | १० | ६ | ५ | ११ | ५५ | |
| ४८. | प्रतिक्षा सुवेदी | १० | ७ | ६ | १३ | ६५ | |
| ४९. | विमला नेपाली | १० | ७ | ६ | १३ | ६५ | |
| ५०. | कल्पना खड्का | १० | ६ | ६ | १२ | ६० | |

## परिशिष्ट (घ)

## अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका संस्थागत विद्यालयका विद्यार्थीहरूको नामावली

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | किशोर परियार | १० | ७ | ४ | ११ | ५५ | |
| २. | मिलन फगामी | १० | ६ | ५ | ११ | ५५ | |
| ३. | गणेश खत्री | १० | ६ | ५ | ११ | ५५ | छात्र |
| ४. | प्रेम विश्वकर्मा | १० | ६ | ५ | ११ | ५५ | |
| ५. | सज्जन परियार | १० | ६ | ८ | १३ | ६५ | |
| ६. | सिर्जना सिर्पाली | १० | ७ | ७ | १४ | ७० | |
| ७. | खिमा थापा मगर | १० | ७ | ८ | १५ | ७५ | |
| ८. | निरुषा भण्डारी | १० | ६ | ७ | १३ | ६५ | छात्रा |
| ९. | माया गुरुङ्ग | १० | ६ | ४ | १० | ५० | |
| १०. | सोनिया के.सी | १० | ६ | ६ | १२ | ६० | |
| ११. | नरेश खत्री | १० | ३ | ३ | ६ | ३० | |
| १२. | सुमन थापा | १० | ४.५ | ४.५ | ९ | ४५ | |
| १३. | दुर्गा ब. थापा | १० | ५.५ | ४.५ | १० | ५० | |
| १४. | युवराज रोका मगर | १० | ४ | ७ | ११ | ५५ | छात्र |
| १५. | आशिस थापा | १० | ३.५ | ३.५ | ७ | ३५ | |
| १६. | धनमाया थापा | १० | ५ | ४ | ९ | ४५ | |
| १७. | मनिषा थापा मगर | १० | ७ | ७ | १४ | ७० | |
| १८. | सुस्मिता थापा मगर | १० | ३ | ३ | ६ | ३० | छात्रा |
| १९. | पवित्रा किसान | १० | ५.५ | ५.५ | ११ | ५५ | |
| २०. | दिल माया थापा मगर | १० | ३ | ७ | १० | ५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१. | सुन्दर भण्डारी | १० | ६ | ४ | १० | ५० | |
| २२. | अंकित जि.सी | १० | ४ | ५ | ९ | ४५ | |
| २३. | सुरेन रोका मगर | १० | ४ | ४ | ८ | ४० | छात्र |
| २४. | सागर सुवेदी | १० | ५ | ५ | १० | ५० | |
| २५. | मन्दिप खत्री | १० | ४ | ४ | ८ | ४० | |
| २६. | टेक कुमारी पाइजा | १० | ६ | ५ | ११ | ५५ | |
| २७. | रोशनी श्रेष्ठ | १० | ६ | ६ | १२ | ६० | |
| २८. | धन कुमारी विश्वकर्मा | १० | ७ | ६ | १३ | ६५ | छात्र |
| २९. | संगिता वि.क | १० | ५ | ५ | १० | ५० | |
| ३०. | रोशनी शाही | १० | ७ | ६ | १३ | ६५ | |
| ३१. | सन्दिप के.सी | १० | ४ | ४ | ८ | ४० | |
| ३२. | देविन किसान | १० | ३ | ५ | ८ | ४० | |
| ३३. | अन्जित के.सी | १० | ६ | ६ | १२ | ६० | छात्र |
| ३४. | कृष्णा विश्वकर्मा | १० | ७ | ६ | १३ | ६५ | |
| ३५. | साजन सुनार | १० | ८ | ७ | १५ | ७५ | |
| ३६. | मनु थापा | १० | ६ | ४.५ | १०.५ | ५२.५ | |
| ३७. | सोस्ती थापा मगर | १० | ४ | ४ | ८ | ४० | |
| ३८. | नमुना फगामी | १० | ५ | ५ | १० | ५० | छात्र |
| ३९. | रमिना बुढा | १० | ६ | ५ | ११ | ५५ | |
| ४०. | बिमला थजाली | १० | ६ | ६ | १२ | ६० | |
| ४१. | सुजन भण्डारी | १० | ६ | ४ | १० | ५० | |
| ४२. | दिपक सापकोटा | १० | ६ | ६ | १२ | ६० | |
| ४३. | आशिस भण्डारी | १० | ५ | ५ | १० | ५० | छात्र |
| ४४. | सुसान सिङ | १० | ६ | ५ | ११ | ५५ | |
| ४५. | रिमलाल वि.क | १० | ७ | ६ | १३ | ६५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४६. | माया देवि पुन | १० | ८ | ६ | १४ | ७० | छात्रा |
| ४७. | सिमाना भण्डारी | १० | ६ | ७ | १३ | ६५ | |
| ४८. | पप्सरा वि.क | १० | ७ | ७ | १४ | ७० | |
| ४९. | धन कुमारी पुन | १० | ६ | ६ | १२ | ६० | |
| ५०. | इन्दिरा पुन | १० | ८ | ६ | १३ | ६५ | |

## व्यक्तिगत विवरण



| | | |
|---|---|---|
| नाम | : | सँगम रोका |
| जन्म | : | २०४७/०९/१७ |
| जन्मस्थल | : | पात्लेखेत-९, म्याग्दी |
| पिता | : | कृष्ण बहादुर रोका |
| माता | : | सीरदेवी रोका |
| लिङ्ग | : | महिला |
| नागरिकता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| भाषा | : | नेपाली |
| मूल विषय | : | नेपाली |
| मोबाइल नं. | : | ९८४७७०३३९६ |

**शैक्षिक योग्यता**

| | | |
|---|---|---|
| एस.एल.सी | : | गलेश्वर माध्यमिक विद्यालय, तोरीपानी, म्याग्दी |
| प्रमाणपत्र तह | : | म्याग्दी बहुमुखी क्याम्पस, बेनी, म्याग्दी |
| स्नातक तह | : | म्याग्दी बहुमुखी क्याम्पर, बेनी, म्याग्दी |
| स्नातकोत्तर तह | : | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौं |